वैशाख – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २५, अङ्क २ | २०७३, वैशाख १६–३१ | पूर्णाङ्क ५७२ |
|---|---|---|



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| विशेष इजलास | ४ |
| इजलास नं. १ | ७ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | ८ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | १३ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | १ |
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | २ |
| रायबाझी फैसला | १ |
| रित / बेरीत आदेश | ३ |
| जम्मा | ४७ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, वैशाख – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **विशेष इजलास** | | | **१-२** |
| १. | उत्प्रेषण | किरण गुप्तासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | उत्प्रेषण / परमादेश | अधिवक्ता पूर्णचन्द्र पौडेल वि. निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय, बहादुर भवन, काठमाडौंसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | डा. रामकृष्ण तिमल्सेनासमेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| **इजलास नं. १** | | | **२-९** |
| ४. | उत्प्रेषण / परमादेश | अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ५. | भ्रष्टाचार | शिवकुमार अग्रवालसमेत वि. नेपाल सरकार | |
| ६. | रकम असुल | केशव स्थापित वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग | |
| ७. | कर्तव्य ज्यान | दोर्जे तामाङ वि. नेपाल सरकार | |
| ८. | बन्दी प्रत्यक्षीकरण | संजय भन्ने टेकबहादुर खत्री वि. कारागार कार्यालय, बाँके नेपालगञ्जसमेत | |
| **इजलास नं. २** | | | **९-१०** |
| ९. | सम्बन्ध विच्छेद | विवस खवाससमेत वि. थानश्री खवास | |
| **इजलास नं. ३** | | | **१०-१६** |
| १०. | पर्खाल भत्काई खिचोला | यमकुमारी गुरूङ वि. बन्दना पाण्डे | |

| | | |
|---|---|---|
| ११. | कर्तव्य ज्यान | थापाजी भन्ने लाल मोहम्मद वि. नेपाल सरकार |
| १२. | खोटा चलन | रोजित सिंह वि. नेपाल सरकार |
| १३. | परमादेश | जमुना प्रसाद मण्डल वि. नेपाल वायु सेवा निगम, नयाँ सडक, काठमाडौंसमेत |
| १४. | उत्प्रेषण / परमादेश | केदारप्रसाद (के.पी.) पाठक वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत |
| १५. | उत्प्रेषण / परमादेश | अध्यक्ष, हेमबिक्रम थापा वि. जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरसमेत |
| १६. | उत्प्रेषण / परमादेश | चन्द्रकान्त झा वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत |
| १७. | भ्रष्टाचार | ईश्वरीप्रसाद न्यौपाने वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **१६-१७** |
| १८. | कर्तव्य ज्यान | विष्फोटक पदार्थ, सानु भन्ने श्याम थापा वि. नेपाल सरकार |
| १९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अर्जुन थपलिया |
| **इजलास नं. ५** | | **१८-२७** |
| २०. | उत्प्रेषण | जीतबहादुर महत वि. श्री जिल्ला सरकारी वकिलको कार्यालय, रामेछापसमेत |
| २१. | कर्तव्य ज्यान | लोकबहादुर लामा तामाङ वि. नेपाल सरकार |
| २२. | कर्तव्य ज्यान | विष्णुबहादुर सोमैसमेत वि. नेपाल सरकार |
| २३. | जबरजस्ती करणी | मानबहादुर वि.क. वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | धर्मबहादुर श्रेष्ठसमेत वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| २५. | कर्तव्य ज्यान | मनहरि परियार वि. नेपाल सरकार |
| २६. | फैसला बमोजिम जग्गा दर्ता गरिपाउँ | बलराम अधिकारी वि. रूपाकुमारी अधिकारी |
| २७. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. विश्व तामाङ |
| २८. | कर्तव्य ज्यान | भूपेन्द्रबहादुर सिंहसमेत वि. नेपाल सरकार |
| २९. | लेनदेन | तिलप्रसाद तिवारी वि. कृष्णबहादुर राजभण्डारी |
| ३०. | कुटपिट | मनिकलाल यादव वि. सिकिन्द्र यादवसमेत |
| ३१. | कर्तव्य ज्यान | प्रमिता वि.क. वि. नेपाल सरकार |
| **इजलास नं.७** | | **२७-३०** |
| ३२. | कर्तव्य ज्यान | जग्गे भन्ने जगतबहादुर भण्डारी वि. नेपाल सरकार |
| ३३. | जबरजस्ती करणी | ईश्वरीप्रसाद पन्थी उपाध्याय वि. नेपाल सरकार |
| **इजलास नं.८** | | **३०-३१** |
| ३४. | कर्तव्य ज्यान | इमानसिंह वली वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३१-३४** |
| ३५. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. ध्रुबबहादुर अधिकारीसमेत |
| ३६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. भुपत पौडेल |
| ३७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. शेरबहादुर वि.क. |
| **इजलास नं.१०** | | **३४-३६** |
| ३८. | कर्तव्य ज्यान र डाँका | बब्लु वीरेन्द्रकुमार (राज) उपाध्यायसमेत वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यामबहादुर कामीसमेत |
| **रायबाझी फैसला** | | **३६-३८** |
| ४०. | निर्णय पर्चा दर्ता बदर | महम्मद खलिल मियाँ वि. आसमा बेगम |
| **रित / बेरीत आदेश** | | **३८-३९** |
| ४१. | ठगी | सागिर मियाँ गदी वि. नेपाल सरकार |
| ४२. | बैंकिङ कसुर | सुशील स्थापित वि. नेपाल सरकार |
| ४३. | अंश दपोट | दीपकबहादुर बस्नेत वि. तोपबहादुर बस्नेतसमेत |
| **अदालत गतिविधि** | | **४०-४४** |

## विशेष इजलास

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WS-००४३, उत्प्रेषण, *किरण गुप्तासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले बदर गरिपाउँ भनी दाबी लिएको सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ को दफा ५ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, २०(१)(३) समेतसँग बाझिएको नदेखिएको र सो दफा अमान्य र बदर नहुने ठहरी यस अदालतको विशेष इजलासबाट ज्योती लम्साल पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०६८-WS-००४२ को रिट निवेदनमा मिति २०६९।५।७ मा (*ने.का.प.* २०५९, पुस नि.नं. ८८८३ पृ. १३१५) आदेश भई नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसमेत जारी भइसकेको देखिँदा एक पटक कानूनको संवैधानिकताको परीक्षण भई निर्देशनात्मक आदेशसमेत जारी भइसकेको विषयमा पुनः सोही कानूनको संवैधानिकता परीक्षण गरी निर्देशनात्मक आदेशसमेत जारी गर्नुपर्ने अवस्था र स्थिति विद्यमान रहेको नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-WS-००८५, उत्प्रेषण / परमादेश, *अधिवक्ता पूर्णचन्द्र पौडेल वि. निर्वाचन आयोग, निर्वाचन आयोगको कार्यालय, बहादुर भवन, काठमाडौंसमेत*

मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) मा रहेको व्यवस्थाबाट गैर नेपाली नागरिकले मतदाता नामावलीमा नाम समावेश गर्नका लागि निवेदन दिन पाउने भन्ने नदेखिई मतदाता नामावलीमा नाम समावेश गर्नका लागि नेपाली नागरिकले मात्र निवेदन दिन पाउने भन्ने देखिन आएकोले मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८ को नियम ३१क. को उपनियम (३) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा २ र ८ तथा मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा ५ एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतसँग बाझिएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७२ साल भदौ १० गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल, मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-WS-००४३, उत्प्रेषण / परमादेश, डा. *रामकृष्ण तिमल्सेनासमेत वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका अवस्थाहरू विद्यमान रहेको स्थितिमा मात्र त्यस्ता सूचनाहरू गोप्य राख्न सकिने गरी दफा २७(१) बमोजिमको समितिले वर्गीकरण गर्न सक्ने भए पनि सो दफा ३(३) को कुन खण्डअनुसार गोप्य राख्नु पर्ने हो भन्ने कुरा सो समितिको निर्णयमा खुलेको देखिँदैन । यस्तै सो समितिले सार्वजनिक सूचना गोप्य राख्ने गरी वर्गीकरण गर्दा कति अवधिसम्म गोप्य राख्नुपर्ने हो सो अवधिसमेत खुलाउनु पर्ने व्यवस्था दफा २७(२) मा रहेकोमा सो कानूनी व्यवस्थाबमोजिम के कति अवधिसम्म गोप्य राख्नुपर्ने हो भन्ने कुरा पनि सो

निर्णयमा खुलेको नदेखिने।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७ को उपदफा (१) को खण्ड (ख) मा सम्बन्धित मन्त्रालयको सचिव सदस्य हुने व्यवस्था रहेकोमा कुन मन्त्रालयका सचिव के कस्तो आधारमा सदस्य भएका हुन् भन्ने र खण्ड (ग) अनुसारको सदस्य के कसरी तोकिएको भन्ने नदेखिनुका साथै सो ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यवस्थाहरू मध्ये के कुन अवस्था परी सूचना गोप्य राख्नु परेको हो र दफा २७(२) बमोजिम कति अवधिका लागि गोप्य राखिने हो भन्ने सम्बन्धमा केही उल्लेख नगरी भएको वर्गीकरण समितिको मिति २०६८।८।२६ को निर्णय र सो निर्णयका आधारमा जारी भएको मिति २०६८।१०।१ को पत्रसमेत कानूनसम्मत देखिन नआउने।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिमको समितिले गोप्य राख्नु पर्ने सूचनाको वर्गीकरण गर्ने गरी मिति २०६८।८।२६ मा गरेको निर्णय र सो निर्णय मिति २०६८।१०।१ देखि कार्यान्वयन गर्नु भनी जारी गरेको पत्रसमेत कानूनसम्मत नदेखिएकोले उक्त निर्णय र सो निर्णयका आधारमा जारी गरिएको सो पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब सो ऐनको दफा ३(३) को प्रयोजनको लागि दफा २७(१) बमोजिमको समितिले उक्त दफाको देहाय (क), (ख), (ग), (घ), (ङ) को निमित्त दफा २७ को उपदफा (२), (३), (४), (५), (६), (७) समेतलाई मध्यनजर राखी पुनः वर्गीकरण गर्नु र उपर्युक्तबमोजिम वर्गीकरण नभएसम्म दफा ३(३) को देहाय (क) देखि (ङ) सम्ममा उल्लिखित विषयहरू बाहेकका अन्य सूचनाहरू दफा ३(१) र ३(२) को व्यवस्था अनुसार प्रवाहित गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६८-WO-०६६६, उत्प्रेषण / परमादेश, *काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ स्थित नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसनका तर्फबाट अख्तियारप्राप्त अधिवक्ता कमलप्रसाद इटनी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. १

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-WO-०५००, उत्प्रेषण / परमादेश, *अधिवक्ता विष्णुप्रसाद तिमिल्सिना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकले लिएको निवेदन माग दाबीमा त्रि.वि. शिक्षण अस्पतालका सेवाहरू हाल बन्द रहेकाले स्वास्थ्य सेवाका उपभोक्ताहरू स्वास्थ्य सेवा प्राप्त गर्नबाट वञ्चित भएका छन्। अस्पतालजस्तो अत्यावश्यक सेवा सञ्चालन गर्ने निकायमा बन्द हड्ताल गर्न निषेधसमेत गरेको अवस्थामा पनि अस्पतालमा बन्द हड्ताल गरी सेवा अवरूद्ध गरिएको हुँदा यस्तो किसिमको बन्द हड्ताल गर्न नपाउने गरी उपयुक्त आदेश जारी गरिपाउँ भन्ने देखिन्छ। मिति २०७०।१०।६ गते यस अदालत एक न्यायाधीशको इजलासबाट "देशभरिका अस्पतालमा सर्वसाधारणले चिकित्सकीय सेवाबाट वञ्चित हुनुपर्ने गरी आह्वान गरेको बन्द हड्ताल लगायतका काम नगर्नु नगराउनु सर्वसाधारणले पाउनु पर्ने स्वास्थ्य सेवा सुविधाको आदेश प्राप्त भएको १ घण्टाभित्र सुचारू गर्नु गराउनु" भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी भएको र अन्तरिम आदेश जारी भएपश्चात् शिक्षण अस्पताल तथा सरकारी वार्ता टोलीबिच सहमति

कायमसमेत भई प्रा.डा. गोविन्द के.सी. लाई आमरण अनसन तोडाउने कार्यसमेत सम्पन्न भइसकेको र अस्पतालका सम्पूर्ण सेवाहरू सुचारू भई रिट निवेदकले जुन अवस्थामा प्रस्तुत रिट दायर गरेको हो, सो अवस्थामा नै मौलिक परिवर्तन आइसकेको भनी विपक्षीहरूबाट लिखित जवाफ प्रस्तुत भएको देखिएबाट रिट निवेदनमा उठाइएको मागको हाल सम्बोधन भइसकेको अवस्था देखिँदा यस अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् अस्पतालबाट प्रदान गरिने सबै सेवाहरू सुचारू भइसकेकाले हाल निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । पछि यस किसिमको समस्या दोहोरिन गएमा यस्तो विषयलाई लिई निवेदकहरूलाई यस अदालतसमक्ष रिट निवेदन लिई प्रवेश गर्नसक्ने अवस्था विद्यमान नै रहेबाट प्रस्तुत रिट निवेदनको प्रयोजन नभएकोले रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दीक्षा प्रधानाङ्ग

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल माघ २१ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०७०-MS-००१८, अदालतको अवहेलना, *अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WO-०५०१, उत्प्रेषण / परमादेश, *अधिवक्ता सुनिलरञ्जन सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०२७३, ०२७४, ०४५४, भ्रष्टाचार, *शिवकुमार अग्रवाल वि. नेपाल सरकार, नरेश अग्रवाल वि. नेपाल सरकार, गोपाल पि. जोगाई वि. नेपाल सरकार*

जुन कामको लागि जग्गा धितो राखेको हो सो काम नै सम्पन्न नभई सक्दैको अवस्थामा त्यसरी धितोमा राखेको जग्गा फुकुवा हुन सक्दैन । सो कुरा जान्दा जान्दै प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न विभिन्न व्यक्तिहरूलाई परिचालन गरेको भन्ने कुरा निजकै स्वीकारोक्तिबाट पुष्टि भएको देखिन्छ । यिनै विश्लेषित आधार एवम् कारणबाट गैरकानूनी जग्गा फुकुवा गर्ने कार्यमा निजको सहयोगीको भूमिका रहेको पुष्टि भएकोले निजलाई मतियारमा सजाय गरेको विशेष अदालत काठमाडौंको मिति २०६६।३।१५ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

प्रतिवादी शिवकुमार अग्रवालले जग्गा फुकुवा गर्न सहयोग मागेको भन्ने मात्र आधारमा निजले गैरकानूनी तरिकाले जग्गा फुकुवा गर्ने कार्यमा शिवकुमार अग्रवाललाई सहयोग गरे नगरेको भन्ने प्रमाणित नै नगरी शङ्काकै मात्र भरमा निजलाई कसुरदार कायम गर्न मिल्दैन । सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणले समर्थन नभई त्यस्तो पोलको भरमा कसैलाई दोषी ठहर गर्न नमिल्ने।

कसुर नै कायम नभएको अवस्थामा निजलाई कसुरदार कायम गरी तिन महिना कैदको सजाय गरेको विशेष अदालत काठमाडौंको फैसला उल्लिखित विश्लेषणको आधारमा मिलेको देखिएन । त्यसैले प्रतिवादी गोपाल पी जोगाईलाई कैदको सजाय गरेको हदसम्मको विशेष अदालत काठमाडौंको उल्लिखित मितिको फैसला निजलाई सजाय गरेको हदसम्म नमिलेको देखिँदा उल्टी हुने।

गैरकानूनी कार्यको परिणामस्वरूप प्राप्त हुने लाभ पनि गैरकानूनी नै हुने हुन्छ । विवादित जग्गा गैरकानूनी तरिकाले फुकुवा गराउन निजको संलग्नताको पुष्टि नभएको भए पनि त्यस्तो जग्गा आफ्नो नाममा हा.ब. लिई अर्केलाई बिक्री गरी बिगो रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) गैरकानूनी लाभ लिएकोमा विवाद नदेखिँदा जग्गा फुकुवा गराउने कार्यमा आफ्नो संलग्नता पुष्टि नभएकाले बिगो तिर्न नपर्ने भन्ने निजको पुनरावेदन

जिकिर मनासिब देखिँदैन । आफूले विवादित जग्गा बिक्री गरी नगद लाभ लिएको कुरामा स्वीकारै गरी अन्य जग्गा धितो राख्नसमेत मन्जुरी जनाएको तथ्यबाट निजले विवादित जग्गाको बिक्रीबाट गैरकानूनी लाभ लिएको भन्ने कुरा प्रमाणित भएकोले त्यसरी लाभ लिएको बिगो रकम रू. ५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँच सय रूपैयाँ) निजबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने गरी विशेष अदालत, काठमाडौंले गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा चुँगीकर उठाउन जिम्मा लिने कर्मचारी सागरप्रसाद वाग्लेले कबुलअनुसारको चुँगीकर नउठाई काठमाडौं महानगरपालिकालाई हानि नोक्सानी पारेमा सोको प्रत्याभूतिस्वरूप राखेको जग्गा कानूनबमोजिम फुकुवा हुनै नसक्ने अवस्थामा कानूनविपरीत फुकुवा भएको सम्बन्धमा आरोपित व्यक्ति प्रतिवादी गोपाल पि. जोगाईको संलग्नता पुष्टि नभएकोले निजलाई ३ महिना कैद सजाय गर्ने गरेको विशेष अदालत, काठमाडौंको निर्णय निजलाई सजाय गरेको हदसम्म नमिलेकोले उल्टी हुने ठहर्छ । साथै विवादित धितो जग्गा फुकुवा गराउने कार्यमा जग्गाधनी पीस्तादेवी अग्रवालका छोरा प्रतिवादी शिवप्रसाद अग्रवालको कुनै भूमिका नै थिएन भन्ने कुराको तथ्ययुक्त आधारबाट पुष्टि हुन सकेको नदेखिँदा निजलाई ३ (तिन) महिना कैद गरेको तथा अर्का प्रतिवादी नरेश अग्रवालले धितोबापतमा रोक्का रहेको जग्गा गैरकानूनी रूपबाट फुकुवा भएपछि आफ्नो नाममा हा.व. पास गरी बिक्रीसमेत गरी गैरकानूनी लाभ लिएको रकम रू.५३,३७,५००।- (त्रिपन्न लाख सैंतिस हजार पाँचसय रूपैयाँ) निजबाट काठमाडौं महानगरपालिकाले भराई लिन पाउने ठहर्‍याई गरेको विशेष अदालत, काठमाडौंको मिति २०६६।०३।१५ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : बाबुराम सुवेदी
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल माघ ४ गते रोज १ मा शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CR-०३७२, रकम असुल, *केशव स्थापित वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग*

काठमाडौं महानगरपालिकाको कुनै पनि कर्मचारीले आफूलाई तोकिएको काम गर्दा आफूलाई फाइदा हुने र काठमाडौं महानगरपालिकालाई हानि हुने गरी काम गर्दछ भने त्यस्तो हानि नोक्सानी उपरको दायित्व गलत कार्य गर्ने कर्मचारीकै हुन्छ । गलत कार्य एउटाले गर्ने तर त्यसको भागिदार अर्को हुने यस्तो हुन सक्दैन । गलत कार्य जसले गर्छ त्यसैले नै आफूले गरेको कार्यबाट पुग्न गएको हानि नोक्सानी तिर्नु बुझाउनु पर्ने हुन्छ । नियुक्ति गरेकै कारणले नियुक्त कुनै कर्मचारीले हिनामिना गरेको रकम त्यस्तो कर्मचारीलाई नियुक्त गर्ने पदाधिकारीबाट असुल गराउनु पर्छ भन्न नमिल्ने ।

काठमाडौं महानगरपालिकाका कर्मचारीहरू माथि रेखदेख नियन्त्रण एवम् काठमाडौं महानगरपालिकाको अन्य दैनिक प्रशासनिक व्यवस्थापन गर्ने कानूनी कर्तव्य काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतकै रहने भएबाट आफूअन्तर्गतको कर्मचारीले गरेको गलत काम कारवाहीका सम्बन्धमा त्यस्तो कर्मचारीलाई सचेत गराउने, भएको गल्ती सुधार गर्न लगाउने वा कुनै रकम हिनामिना गरी काठमाडौं महानगरपालिकालाई हानि नोक्सानी पारेको भए सम्बन्धित कर्मचारीबाट हानि नोक्सानी पुगेको रकम असुल गर्ने तथा गर्न लगाउने कर्तव्य काठमाडौं महानगरपालिकाको प्रशासकीय प्रमुखकै हुनेमा विवाद नरहने ।

कर्मचारी नियुक्ति गर्ने पदपूर्ति समितिको अध्यक्षता गरेकै नाताले त्यस्तो समितिको सिफारिसमा कुनै कर्मचारीले लापरवाही गरी काम गरेको कारण पुग्न गएको हानि नोक्सानीको दायित्व पदपूर्ति समितिको अध्यक्षता गर्ने व्यक्तिले व्यक्तिगतरूपमा लिनुपर्छ भन्न मिल्दैन । सागरप्रसाद वाग्लेलाई मिति २०५४।८।१

मा १७ बुँदे अधिकार प्रत्यायोजनको लिखत तयार गरी चुँगीकर उठाउन जिम्मा दिइएको र निजले कबोल गरेअनुसारको रकम उठाउने दायित्व पुरा गर्न नसकेको भन्ने देखिन्छ। निज सागरबाट रकम असुल गराउनको लागि काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख केशव स्थापितलाई आयोगले आदेश दिएकोमा सो जिम्मेवारी निजले पुरा गर्न गराउन नसकेको भनी कबुलअनुसारको उठ्न बाँकी चुँगीकर रकम निजबाट नै असुल गर्ने गरी आयोगले निर्णय गरेको भए पनि सो निर्णय उचित एवम् कानूनअनुकूलको भन्न नमिल्ने।

सागरप्रसाद वाग्लेको नियुक्तिको प्रयोजन र उल्लिखित लिखतको अध्ययनबाट सागरप्रसाद वाग्लेले जिम्मा लिएअनुसार असुल गर्न नसकेको चुँगीकरबापतको रकम निजैबाट वा निजले धितो राखेको जग्गाबाट असुल गर्नुपर्नेमा विवादित देखिँदैन। निजले तिर्ने बुझाउने सम्पत्तिको दायित्व आयोगले अन्य कसैउपर स्थानान्तरण गर्न सक्ने अवस्था पनि देखिँदैन। उल्लिखित मितिको अधिकार प्रत्यायोजनको लिखतमा काठमाडौं महानगरपालिकाको चुँगीकर उठाउन जिम्मा लिएका सागरप्रसाद वाग्लेले कबुल गरेअनुसारको रकम उठाउन नसकेमा उठाउन नसकेको रकम निजको घर घरानाबाट असुल गर्ने भन्ने वा त्यस्तो अवस्थामा रकम तिर्ने दायित्व केशव स्थापितको हुने भनी सो लिखतमा उल्लेख भएको देखिँदैन। आफूले कबुल गरेअनुसारको रकम उठाउन नसकेमा सो रकमको सुनिश्चितताको लागि जग्गा धितो राखेको हुँदा बाँकी रकम सर्वप्रथम सो धितो रहेको जग्गाबाटै असुल गर्नुपर्ने।

चुँगीकरबापतको असुल हुन बाँकी रकम उक्त धितो रहेको जग्गाबाट उठाउने प्रक्रिया सुरू नै नगरी धितो राखेकोमध्ये पिस्तादेवी अग्रवालको नामको जग्गा चाहिँ फुकुवा गराउने कार्य गरिएको र सोतर्फ उजुर परी आयोगबाट छुट्टै भ्रष्टाचार मुद्दासमेत चलाएको देखिन्छ। चुँगीकर असुल गर्न गराउन तोकिएको सर्तको अधीनमा रही सम्बन्धित अधिकृतलाई जिम्मा दिएकोमा सो कार्य पुरा नभएको भन्ने उक्त भ्रष्टाचार मुद्दाको अभियोग पत्रको भनाई भए पनि चुँगीकर उठाउन जिम्मा लिने सम्बन्धित व्यक्तिउपर अभियोग दाबी नै परेको देखिँदैन। धितो फुकुवा गरी भ्रष्टाचार गरेको कार्यमा केशव स्थापित र सागरप्रसाद वाग्लेको संलग्नताको विषयमा आयोगले नै निजहरूलाई उन्मुक्ति दिएकोबाट चुँगीकरबापतको असुल हुन बाँकी रकम असुल गर्ने देवानी दायित्व केशव स्थापितमाथि बोकाउन नमिल्ने।

सागरप्रसाद वाग्लेले धितो राखेको जग्गा गैरकानूनी तवरले फुकुवा गरिएको कारण रकम असुल हुने कार्यमा बाधा भयो भन्न सक्ने आयोगले त्यस्तो गैरकानूनी फुकुवाको सम्बन्धमा सागरप्रसाद वाग्ले र केशव स्थापितको संलग्नता रहेको भए आफूले चलाएको भ्रष्टाचार मुद्दामा निजहरूलाई प्रतिवादी बनाई मुद्दा दायर गर्न सक्नु पर्थ्यो, तर आयोगले निजहरू दुवैजनालाई उक्त भ्रष्टाचार मुद्दामा उन्मुक्ति प्रदान गरिसकेको देखिएबाट सागरप्रसाद वाग्लेबाट असुल हुन नसकेको रकम प्रतिवादी केशव स्थापितबाट असुल गर्नुपर्छ भन्न कानूनन: नमिल्ने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क मा *"सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी पुर्‍याएकोमा त्यस्तो हानि नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेछ।"* भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार गर्नको लागि पनि सर्वप्रथम त प्रतिवादी केशव स्थापितले अनुचित कार्य के गरेको हो सो कुरा स्पष्ट हुन जरूरी हुन्छ। सो सम्बन्धमा आयोगले नै स्पष्ट गर्न सकेको छैन। दोस्रो, अनुचित कार्य गरेको भनी स्पष्टसँग आरोप नै लगाउन नसकेको व्यक्तिबाट हानि नोक्सानी भराउने भन्ने प्रश्नै आउँदैन। उल्लिखित कानूनी व्यवस्थाअनुसार हानि नोक्सानी पुर्‍याएको विषयमा उपयुक्त ठानेको अन्य

आवश्यक कारवाही केही गर्नको लागि आयोग आफैँले सक्ने नभई सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनेसम्म हो । आयोग आफैँले रकम भरिभराउको आदेश दिन सक्ने होइन । तसर्थ पनि प्रतिवादी केशव स्थापितबाट रकम असुल गराउने गरी आयोगले गरेको निर्णय कानूनसम्मतको नदेखिने।

सार्वजनिक पदाधिकारीबाट भएको अख्तियारको दुरूपयोग वा भ्रष्टाचारको विषयमा अनुसन्धान गर्ने निकाय आयोग आफैँले न्याय निरूपण वा हिसाब किताबको अन्तिम निर्णयकर्ता निकायको स्थान ग्रहण गर्न मिल्दैन। देवानी दायित्वको विषयमा अनुसन्धान गरी अन्तिम निर्णय गर्ने अधिकार नभएको आयोगले देवानी दायित्व निर्धारण गरी रकम भरिभराउको आदेश दिनसमेत मिल्दैन। देवानी दायित्व पुरा गर्न लगाउनु पर्ने हो र देवानी दायित्वसम्बन्धी विवाद उठ्न सक्छ भने कानूनबमोजिम मुद्दा चलाउनु पर्ने हुन्छ वा कानूनबमोजिमको अन्य उपाय अपनाउनु पर्ने हुन्छ। तर अधिकारै नभएको र कानूनमा उल्लेखै नभएको विषयमा हस्तक्षेप गरी कसैउपर देवानी दायित्व निर्धारण गर्न आयोग असक्षम देखिन्छ । यस्तो अवस्थामा आयोगले केशव स्थापितउपर रकम निर्धारण गरी निजबाट रकम असुल गर्ने गरी गरेको निर्णय कानूनी अधिकारक्षेत्र विहीन देखिने।

मिति २०५६।४।११ मा सागरप्रसाद वाग्लेबाट रकम असुल गर्ने दायित्व किटान गर्ने आयोगले आफैँ अर्को निर्णय गरी निजलाई उन्मुक्ति दिई उसको सट्टा प्रतिवादी केशव स्थापितलाई आरोपित गर्नुको कानूनी आधार देखिँदैन। आयोगको निर्णय कार्यान्वयन काठमाडौं महानगरपालिकाबाट नभएको भए पनि निर्णयमा उल्लिखित दायित्व जसले पुरा गर्नु पर्ने हो उसले नै पुरा गर्नुपर्ने हुन्छ। काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख रहेका प्रतिवादी केशव स्थापितले निर्णय कार्यान्वयन गराउन नसकेको भनेर निजउपर अर्को व्यक्तिले पुरा गर्ने दायित्व स्थानान्तरण गरी रकम असुल गराउन मिल्दैन । अनुमानित आय सम्पूर्णरूपमा हरहालतमा असुल हुन्छ भनेर मान्ने आधार कानून र तथ्ययुक्तसमेत देखिँदैन। अनुमानित रकम असुल हुन नसक्नुको वैध कारण भएमा त्यसको निराकरण पनि कानूनी तरिकाले नै गर्नुपर्ने ।

सागरप्रसाद वाग्लेले सो लिखतमा उल्लेख भएअनुसार अख्तियार दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको वा काठमाडौं महानगरपालिकाको सम्पत्ति हानि नोक्सानी पारेको भन्ने निष्कर्ष पनि आयोगले निकाल्न सकेको देखिँदैन । चुंगीकरको उठ्न बाँकी रकम उठाउने एकमात्र आधारको रूपमा रहेको उल्लिखित मितिको अधिकार प्रत्यायोजन लिखतभन्दा बाहिर गई आयोगले स्वेच्छाले काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुखलाई किटान गरी दायित्व सिर्जना गर्ने वा निजबाट रकम असुल गर्ने निर्णय गर्न सक्ने कानूनी आधार देखिँदैन । भ्रष्टाचार वा अख्तियारको दुरूपयोगको कसुरमा अनुसन्धान एवम् अभियोजन गर्ने आयोगले अदालतको स्थान ग्रहण गरी कसैउपर देवानी दायित्व सिर्जना गर्ने गरी निर्णय गर्न सक्ने अधिकार कुनै कानूनले दिएको देखिँदैन। रकम हिना मिना गर्ने मुख्य कारणीलाई छुट दिई गैर व्यक्तिलाई आरोपित गर्ने कार्यले दण्डहीनता मौलाउने र निर्दोषिताले दण्डित हुने अवस्था सिर्जना हुन जाने हुँदा त्यसतर्फ अभियोजनकर्ता संवेदनशील हुन जरूरी हुने।

सागरप्रसाद वाग्लेलाई गरिएको अधिकार प्रत्यायोजनको लिखतमा कार्यकारी निर्देशकले सही गरेको देखिएबाट पनि स्वयम् प्रमुखको हैसियतले केशव स्थापितले अह्राएको भन्ने पनि देखिँदैन। न त मिति २०५४।८।१ को अधिकार प्रत्यायोजनको मुद्दा नं. १७ मा उल्लिखित सर्तअनुसार अनुमानित रकम असुल नभएको भन्ने कुराको सबुद खुलाई आयोग र विशेष अदालतले पुष्टि गर्न नै सकेको देखिन्छ। त्यसकारण बुँदा नं. १७ को अवस्था प्रमाणित गर्न नसकेको भन्नु पर्ने हुन्छ । जहाँसम्म सागरप्रसाद वाग्लेको दायित्व पुरा नभएको कारणले प्रतिवादी केशव स्थापितले उक्त

दायित्व व्यहोर्न पर्ने हो वा होइन भन्ने विषयको कुरा हो, केशव स्थापित काठमाडौं महानगरपालिकाका प्रमुख भए पनि विवादित विषयमा रकम असुल गर्ने गराउने कार्यमा निजको निजी दायित्व सिर्जना गर्ने गरी कुनै करार भएकोसमेत नदेखिने।

प्रतिवादी केशव स्थापितबाट रकम भराउने भनी निर्णय गर्ने आयोगले समेत कुनै कानूनबमोजिम त्यस्तो दायित्व सिर्जना भएको भनी देखाउन सकेकोसमेत पाइँदैन । भ्रष्टाचार गरी वा अख्तियार दुरूपयोग गरी वा कानूनविपरीत निजले गरेको कुनै कार्यले काठमाडौं महानगरपालिकालाई हानि नोक्सानी पुर्‍याएको भनी आयोगले कुनै दाबी लिन र पुष्टि गर्न सकेको पाइँदैन । कानून वा करारले सिर्जना नगरेको दायित्वबापत मनोगत आधारमा प्रतिवादी केशव स्थापितउपर रकम असुलीको दायित्व सिर्जना गर्ने अवस्था नरहने।

सार्वजनिक पद धारण गरेको व्यक्तिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ मा उल्लेख भएबमोजिमको अनुचित कार्य गरेको सम्बन्धमा कारवाही गर्न अधिकार पाएको आयोगले प्रतिवादी केशव स्थापितले सोअनुसार अनुचित कार्य गरी काठमाडौं महानगरपालिकालाई हानि नोक्सानी पुर्‍याएको भनी स्पष्ट गर्न नसकेको, निजउपर भ्रष्टाचारको अभियोग लगाई कुनै दाबी लिन पनि नसकेको र धितो रहेको रोक्का जग्गा गैरकानूनी तवरले फुकुवा गर्ने कार्यमा कुनै संलग्नता रहेको भनी पुष्टि गर्न नै नसकेको व्यक्ति प्रतिवादी केशव स्थापितबाट रकम असुल गर्ने भनी आयोगले गरेको निर्णय उल्लिखित विवेचित आधार कारण एवम् कानून र न्यायसम्बन्धी कुनै मान्य सिद्धान्तअनुकूलको नदेखिँदा प्रतिवादी केशव स्थापितबाट रकम अख्तियार गर्ने गरी आयोगले गरेको निर्णय सदर गरेको विशेष अदालत, काठमाडौंको निर्णय कानूनसम्मतको देखिन नआउँदा प्रतिवादी केशव स्थापितबाट रकम असुल गर्ने भनी आयोगले गरेको मिति २०६२।१२।१३ को निर्णय गैरकानूनी देखिँदा त्यस्तो निर्णयलाई सदर गर्ने गरेको विशेष अदालत काठमाडौंको मिति २०६६।३।१५ को निर्णय कानून प्रतिकूलको भई नमिलेको हुँदा उल्टी हुने।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७१ साल माघ ४ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-११६५, कर्तव्य ज्यान, *दोर्जे तामाङ वि. नेपाल सरकार*

ज्यानसम्बन्धीको महलको दफा १३(३) नं. को व्यवस्थालाई अध्ययन गर्दा घटनास्थलमा मृतकलाई चोट छाड्ने हरेक व्यक्तिलाई सजायको दायरामा राखेको देखिन्छ । जसको चोटले मरेको देखिन्छ, उसलाई सर्वश्वसहित जन्मकैद र अरूलाई जन्मकैदको सजाय हुने भन्ने उक्त कानूनी व्यवस्थाको अभिप्रायः भएको हुँदा प्रतिवादीलाई जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा रहेको देखिन नआउने।

जहाँसम्म ज्यानसम्बन्धीको महलको १३(१) नं. को अभियोग मागदाबी भएकोमा ऐ.१३(३) नं. अनुसार कायम हुन सक्दैन भन्ने प्रतिवादीको जिकिर छ, सोतर्फ हेर्दा ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुरमा सर्वश्वसहित जन्मकैदको सजाय हुने व्यवस्था छ । ऐ.१३(३) नं. मा सर्वश्वसहित जन्मकैद वा जन्मकैदको मात्र पनि सजायको व्यवस्था छ । अभियोग मागदाबीमा बढी सजाय हुने कसुरको दाबी लिएकोमा मुद्दाको रोहमा निर्णय गर्दा प्रतिवादीले अर्को प्रकृतिको कसुर गरेको पुष्टि हुन आएको अवस्थामा सो कसुर दाबी लिएको कसुरको भन्दा घटी सजाय हुने प्रकृतिको रहेछ भने सोअनुसार सजाय गर्न नमिल्ने हुँदैन । दाबी लिएको कसुर पुष्टि हुन नआई सोभन्दा घटी सजाय हुने कसुरको निम्ति सजाय नगर्ने हो भने सजायमा दण्डहीनताले प्रश्रय पाउने हुन्छ । यस्तो अवस्थामा प्रतिवादीलाई सजाय नगर्दा निजले

आफूले गरेको गम्भीर कसुरबाटै उन्मुक्ति पाउने हुन्छ । यस्ता अपराधीलाई छुटकारा दिँदा जनतामा शान्ति र सुरक्षाको अनुभूति नहुने मात्र होइन, सामाजिक न्यायका दृष्टिले पनि यस्तो कार्य क्षम्य र सहज स्वीकार्य हुँदैन । तसर्थ यस सम्बन्धमा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदन अदालतबाट यी प्रतिवादीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखी अ.ब.१८८ नं. अनुसार १० वर्ष कैद सजायको रायसमेत फैसलामा उल्लेख गरेको देखिएको छ । यसको कारणमा उक्त अदालतले प्रतिवादी र मृतक एउटै परिवारको सदस्य रहेको, जाहेरवाला वृद्ध अवस्थामा रहेको र निजको सहारा पनि प्रतिवादी रहेको भन्ने तथ्यलाई उल्लेख गरेको पाइयो । वस्तुतः अ.बं.१८८ नं. को प्रयोग गर्दा यी आधारको औचित्य कति छ र यी कुराको आधारमा घटी सजाय गर्ने हो भने अन्य मुद्दामा यसको कस्तो प्रभाव पर्दछ भन्ने कुराको पनि हेक्का राख्नु पर्दछ । वास्तवमा कुनै अनाथ वा एक्लो व्यक्तिको रूपमा रहेको अवस्थामा बाहेक अन्य अवस्थामा कसुर ठहर भएका अभियुक्तहरू परिवारका कुनै न कुनै सदस्यको जीवन निर्वाहको आधार हुन्छन् नै । चाहे त्यो आर्थिकरूपमा होस् वा भावनात्मकरूपमा । जीवन निर्वाहको माध्यम प्रतिवादी रहेको भनी प्रतिवादीले गरेको कसुरको अनुपातमा कम सजाय गर्दा राज्यले लिएको दण्ड नीतिको उद्देश्य र कानून पनि निष्प्रयोजित हुने हुन्छ । त्यस्तै एकै घरका एकले अर्कोलाई मारेकोमा पनि घटी सजाय गर्नुपर्ने अन्य कुनै कारण फैसलामा उल्लेख गरेको देखिएन । केवल मृतक र प्रतिवादी दाजुभाइ भएको कारणले मात्र घटी सजाय हुनुपर्ने भन्ने तर्क पनि औचित्यपूर्ण नहुने हुँदा उक्त रायसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । उक्त अदालतको प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्ने राय कायम हुन नसक्ने ।

इजलास अधिकृत : अनिलकुमार शर्मा
कम्प्युटर : अमिररत्न महर्जन
इति संवत् २०७२ साल असार ३० गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WH-००६४, बन्दीप्रत्यक्षीकरण, *संजय भन्ने टेकबहादुर खत्री वि. कारागार कार्यालय, बाँके नेपालगञ्जसमेत*

निवेदकले बाँके जिल्लामा कसुर गरी धरौटी तारेखमा छुटेकोमा तारेख गुजारी धादिङ जिल्लामा गई पुनः लागु औषधको छुट्टै कसुर गरेको अवस्था देखिन्छ । अघि एउटा कसुरमा पक्राउ परी आदेशबाट छुटेको समयमा वा फैसला भई कैद सजाय भएकोमा फरार रहेको कारण कैदमा नबस्दैको समयमा कसैले पुनः अर्को कसुर गर्दछ भने त्यो स्वतन्त्र प्रकृतिको कसुर हुन्छ र पछिल्लो कसुरअनुसारको मुद्दामा फैसलाबमोजिमको कैद असुल गर्दा कैदको मात्रा ठुलो भए पनि सो कैदमा अर्को अदालतबाट फैसला भएअनुसारको सानो हदको कैद सजाय गाभिने नभई दुवै अदालतबाट भएको कैद र जरिवाना छुट्टाछुट्टै असुल गर्नुपर्ने हुन्छ । पछिल्लो कसुरमा अघि फैसला भई सोबापत कैदमा बसेकै भए पनि सो कैदको हद ठूलो छ भन्दैमा सोभित्र अघिल्लो कसुरमा छुट्टै अदालतबाट फैसला भए अनुसारको कैद सजाय सानै भए पनि गाभ्न कानून एवम् न्यायिक सिद्धान्तसमेतबाट मिल्दैन । यदि त्यस्तो हुने हो भने दण्डहीनता घट्ने नभई बढेर जाने ।

स्वतन्त्र किसिमका दुई भिन्नभिन्न स्थानका कसुरमा भिन्नभिन्न अदालतबाट सजाय भएको अवस्था देखिएकोले दण्ड सजायको ४१ नं. को उल्लिखित कानूनी व्यवस्थाको अन्तिम वाक्यांशबमोजिम दुई स्वतन्त्र कसुरअन्तर्गत फरकफरक अदालतबाट भएका फैसलाबमोजिम एउटा अदालतको ठुलो

हदको कैद सजायमा अर्को अदालतको सानो हदको कैद सजाय गाभी सजाय असुल गर्न मिल्छ भन्न मिल्दैन । निवेदकलाई कैदको अलावा जरिवाना सजायसमेत भएको देखिन्छ र निजले जरिवानाबापतको रकम तिरिसकेको छु भनी जिकिर लिनसकेको पनि छैन। पुनरावेदन अदालत, नेपालगञ्जले गरेको फैसला बदरतर्फ रिट जारी गरिपाउँ भनी माग गर्न सकेकोसमेत देखिँदैन। कैद र जरिवानाको सजाय भएकोमा जरिवाना असुल हुन नै बाँकी रही सोबापत कैदमा राख्न सकिने अवस्थासमेत रहँदारहँदै बस्नुपर्ने कैदको हदभन्दा बढी कैद बस्नु परी अन्याय भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भनी माग गर्नसक्ने अवस्था नै नदेखिने।

त्यहि प्रकृतिको विष्णुबहादुर कार्की विरूद्ध पुनरावेदन अदालत, पाटनसमेत भएको बन्दीप्रत्यक्षीकरण जारी गरिपाउँ भन्ने मुद्दामा "अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको मुद्दामा मुद्दाको पुर्पक्षको सिलसिलामा थुनाबाट छुटेको समयमा घटित फरक फरक वारदात र फरक फरक मितिमा भएका फैसलाअनुसारको कैद म्याद ठेक्दा पटकपटकको कैद खापी ठेकिएको कैद म्यादलाई दण्ड सजायको ४१ नं. को प्रतिकूल भन्न नमिल्ने" भनी यस अदालतबाट भएको निर्णय *ने.का.प. २०७० अङ्क ४, नि.नं. ८९९१* मा प्रकाशित भई नजिरको रूपमा स्थापित भएको पाइन्छ । उक्त प्रतिपादित नजिरसमेतको आधारमा प्रस्तुत निवेदनमा निवेदकको माग दाबीअनुसार विभिन्न अदालतमा चलेका स्वतन्त्र मुद्दामा भएको कैदमध्ये सानो हदको कैद सजाय ठूलो हदको कैद सजायभित्र गाभिने गरी कैद सजाय असुल हुन सक्ने स्थिति नदेखिने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने।

इजलास अधिकृत : बाबुराम सुवेदी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असार १३ गते रोज १ शुभम्।

## इजलास नं. २

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CR-१०१०, सम्बन्ध विच्छेद, *विवस खवाससमेत वि. थानश्री खवास*

मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. मा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने कानूनी आधारहरू विविध रहेका छन् । त्यस्ता आधारहरू मध्ये स्वास्नीलाई घरबाट निकाला गरेको वा शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम गरेकोमा त्यस्तो स्वास्नीले लोग्नेसँग सम्बन्ध विच्छेद गर्न पाउने आधारसमेत रहेको पाइन्छ। यसरी जुनसुकै आधारमा पनि लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने भएमा कानूनबमोजिम अंश बन्डा गर्न लगाएर मात्र सम्बन्ध विच्छेद हुने भन्ने कानूनी व्यवस्था ऐ. ४क नं. मा रहेको पाइन्छ। यसरी लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद हुने ठहरेमा कानूनबमोजिम अंशसमेत स्वतः दिलाई दिनु पर्ने स्पष्ट प्रावधान उक्त नं.मा रहेको देखिन्छ । कानूनबमोजिम अंश बन्डा गर्नुपर्दाको अवस्थामा मुलुकी ऐन, अंश बन्डाको महलको १ नं. र ऐ.१७ नं. समेतको अवलोकन गर्नुपर्ने हुन्छ। वादी प्रतिवादीबाट पेस भएको तायदाती फाँटवारी अनुसारको सम्पत्तिबाट त्यसमा अंश बन्डाको १७ नं. बमोजिम विवाह खर्च पर सार्नु पर्ने भए सारी ऋण धनका सम्बन्धमा पनि स्पष्ट उल्लेख गरी अंशबन्डा लगाई सम्बन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ भन्ने कानूनी व्यवस्थालाई नजरअन्दाज गर्नसमेत मिल्दैन। सगोलमा रहेका अंशियारहरूका बिच अंशबन्डा गर्दा मूल अंश दिने बाबु वा आमाको छोराछोरी पनि रहेछन् भने तत्काल कायम रहेको सम्पत्तिको आधारमा विवाह नभएका छोराछोरीहरूको लागि विवाह खर्चको व्यवस्था गरिने गरी कानूनबाट सिर्जित अधिकारलाई समेत विचार गर्नुपर्ने।

प्रस्तुत विवादमा पुनरावेदक पूर्णबहादुर

खवास समेतका ५ जना अंशियार रहेको तथ्यमा विवाद रहेको देखिएन। पूर्णबहादुर खवासका छोरा पुनरावेदक प्रतिवादीहरू दिवश खवास, देवेन्द्र खवास र दिनेश खवासको विवाह भएको भन्ने आधार मिसिलबाट देखिँदैन । वादी प्रतिवादीहरूको फिराद दाबी एवम् प्रतिउत्तर जिकिर र वादीका साक्षीको भनाइबाट निजहरूका बिचको लोग्ने स्वास्नीको सम्बन्धलाई निरन्तरता दिई रहनु पर्ने स्थिति पनि देखिँदैन। यस्तो स्थितिमा सम्बन्ध विच्छेद नहुने र अंशसमेत नदिने गरी इन्साफ गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब नदेखिएकोले पुनरावेदन अदालत, पोखराको फैसलालाई अन्यथा भन्न नमिली मिलेकै देखिन आउने।

पुनरावेदक प्रतिवादी पूर्णबहादुर खवास र प्रत्यर्थी वादी थानश्री खवासका बिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्‍याई पेस भएको अंशको फाँटवारीबाट बैंकको ऋण कटाई ५ भागको १ भाग अंश वादी थानश्रीले पाउने गरी भएको सुरू फैसला केही उल्टी गरी अशबन्डाको १७ नं. बमोजिम विवाह नभएका छोराहरूको विवाह खर्च पर सारी पेस भएको तायदाती फाँटवारीबमोजिमको सम्पत्तिबाट ५ भागको १ भाग अंश प्रत्यर्थी वादी थानश्रीले पाउने र निजहरू बिचको लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।५।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर: टेकबहादुर खड्का

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६५-CI-०३५५, पर्खाल भत्काई खिचोला, *यमकुमारी गुरूङ वि. बन्दना पाण्डे*

यस अदालतको मिति २०६८।०६।०२ गतेको आदेशानुसार भई आएको नापनक्साबाट वादीको कि.नं. ७५९ जग्गाको पूर्व, पश्चिम, उत्तर र दक्षिण २९' ६"x २७' ९"x ५६'x ५७' लम्बाइ देखिएको छ। यसबाट जग्गाको औसत क्षेत्रफल १६२४ वर्गफिट देखिन आएकोले साबिक स्रेस्ताअनुसार ०-५-०-० जग्गा रहेकोले करिब १७११ वर्गफिट हुनुपर्नेमा करिब जग्गाको कुल क्षेत्रफलमा ८७ वर्गफिट कम देखिएको छ। साथै विवादित न.नं. ११ नजोड्दा यी पुनरावेदक प्रतिवादीको हाल कि.नं. ७४७ को जग्गाको क्षेत्रफल औसत २२२७ वर्गफिटभन्दा धेरै देखिएबाट स्रेस्ताभन्दा १७५ वर्गफिट बढी नै रहेको भन्ने देखिएको छ । यसमा विवादित जग्गामध्ये ०-०-१-२$^1/_2$ जोड्दा विपक्षी वादीको जग्गा ०-५-०-० पुग्न जाने हुँदा प्रतिवादीले वादीको ०-०-१-१ जग्गामा खिचोला गरेको ठहर्‍याई भएको सुरू जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादीले वादीको ०-०-१-२ सम्म जग्गा खिचोला गरेको हुँदा वादी दाबीबमोजिमको पर्खाल भत्काई चलन चलाई पाउने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।०४।२८ गते भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-१२२२, ०१९३, कर्तव्य ज्यान, *थापाजी भन्ने लाल मोहम्मद वि. नेपाल सरकार, नेपाल सरकार वि. थापाजी भन्ने लाल मोहम्मदसमेत*

प्रतिवादीले मृतकलाई मारेकोमा इन्कार रही अदालतमा बयान गरेको भए तापनि किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लास प्रकृति मुचुल्का call statement र मृतक बलराम पटुवाको लासमा ४

वटा गोली लागेको घाउ र ४ वटा गोली निस्केको रहेको र मृत्युको कारण Multiple fircarm wounds of the head and trunk भन्ने पोस्टमार्टम रिपोर्टबाट मृतकको मृत्यु यी पुनरावेदक प्रतिवादी लाल मोहम्मद समेतले पूर्व योजनासहित अन्य व्यक्ति समेतको सहयोग लिई गोली हानेको र सोही गोली मृतकको टाउकोमा लागी निज बलराम पटुवाको मृत्यु भएको देखिन आयो। प्रतिवादी समेतले प्रहार गरेको गोलीको कारण मृत्यु भएको भन्ने देखिई रहेको स्थितिमा निज प्रतिवादीले मृतकलाई मार्नको लागि बनाएको योजना र मार्नु पर्ने कारणको विश्लेषण महत्त्वपूर्ण रहेको देखिन्छ। कुनै पनि आपराधिक कार्यमा मुख्यरूपमा आपराधिक मनसाय (Attempt), तयारी (preparation), उद्योग (Attempt) र आपराधिक कार्य (Actus Reus) हुनु पर्दछ । प्रस्तुत मुद्दामा मृतकलाई मार्नको लागि पूर्वमनसाय र योजना गरेको छ छैन हेर्नुपर्ने हुन जान्छ। घटनाको प्रकृति हेर्दा प्रतिवादीले मृतकलाई मार्ने योजना बनाई प्रतिवादी लाल मोहम्मदले मुन्ना खानलाई फोन गरी बोलाई साथमा बाहिद खान, असरफ अलीसमेत आएका र प्रतिवादी लाल मोहम्मदले योजनाअनुसार मृतकलाई अलमल्याई धोबी खोलाको किनारमा लगी सुनसान ठाउँमा पुगेपछि बलराम पटुवालाई प्रतिवादी लाल मोहम्मदसमेतको संलग्नतामा गोली प्रहार गरी मारेको भन्ने कुरा घटनास्थल एवम् लास प्रकृति मुचुल्का पोस्टमार्टम रिपोर्ट, जाहेरी दरखास्त, कल डिटेल, रामकुमार शाहले गरेको बकपत्रसमेतबाट देखिन्छ। मृतकलाई गोली प्रहार गर्न संयोग यी पुनरावेदक प्रतिवादी लाल मोहम्मदसमेतले पारिदिएको पुष्टि हुन आएको छ । यसमा प्रतिवादीको मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी मनसाय रहेको घटना प्रकृतिले देखाएको अवस्था छ । मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं.मा कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा उद्योग गर्न हुँदैन भन्ने उल्लेख भएको र ऐजनको १३(४) नं. मा जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई वा वारदात भैरहेको ठाउँमा गै मार्नलाई संयोग पारिदिनका निमित्त मर्ने मानिसको जिउमा हात हाली पक्री समाती दिनेलाई जन्म कैद गर्नु पर्छ भन्ने उल्लेख भएबाट यी पुनरावेदक प्रतिवादीले पूर्वयोजना बनाई मृतकलाई रूपैयाँ लिने बहानामा घटनास्थलमा पुर्‍याई मुन्ना खानसमेतका व्यक्तिलाई बोलाई कर्तव्य गरी मार्नमा संयोग पारेको देखिएकोले निजको कसुर हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र ऐजनको १३(४) नं. मा उल्लेख भएको कानूनी व्यवस्था आकर्षित हुने देखिन्छ । प्रतिवादी लाल मोहम्मदको हकमा अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. को कसुर मान्न मिल्ने नदेखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। साथै यी पुनरावेदक प्रतिवादी लाल मोहम्मदको मृतक बलराम पटुवालाई मार्न संयोग पारेको देखिएकोले अभियोग माग दाबीबाट सफाई पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अर्का प्रतिवादी पप्पु गुप्तालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा मृतक भनिएका निज बलराम पटुवा मेरो सामान्य चिनजानका मानिस हुन् । मिति २०६४।३।२० गते निज र मेरो भेट भयो। मलाई उनले पुरानो बानेश्वरसम्म लगिदिनु पर्‍यो भनेकोले बेलुका ४:३० बजेको समयमा निजलाई मैले छोडी दिएकोसम्म हो । सोभन्दा बाँकी कुरा मलाई केही थाहा छैन भनी प्रतिवादी पप्पु गुप्ताले बयान गरेकोसमेतबाट मृतकलाई मार्न मत सल्लाहमा पसेको मार्ने ठाउँमा गई हेरेको घटना प्रकृतिले देखाएको अवस्था छैन। प्रतिवादी पप्पु गुप्ता कसुरसँग संलग्न रहे भएको अवस्था नभई प्रतिवादीले बलराम पटुवालाई मारेको भन्ने कुराको जानकारी मौकामै गई सो कुरा

जाहेरसम्म नगरेको देखिँदा ज्यानसम्बन्धीको महलको २५ नं. आकर्षित हुने देखिन आयो । प्रतिवादी पप्पु गुप्ताले बलराम पटुवालाई मारेको भन्ने कुराको जानकारी मौकामै गई सो कुरा जाहेरसम्म नगरेको देखिन आएकोले सोही महलको २५ नं. बमोजिम रू. २०।- प्रतिवादीलाई जरिवाना हुने देखिँदा प्रतिवादी पप्पु गुप्तालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिमको कसुर अपराधमा सोही महलको १७(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा यी पुनरावेदक प्रतिवादी थापाजी भन्ने लाल मोहम्मदले पूर्वयोजना बनाई मृतकलाई रूपैयाँ लिने बहानामा घटनास्थलमा पुर्‍याई मुन्ना खानसमेतका व्यक्तिलाई बोलाई कर्तव्य गरी मार्नमा संयोग पारेको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(४) नं. को कसुर गरेको देखिएकोले प्रतिवादीमध्येका लाल मोहम्मदलाई ज्यानसम्बन्धीको महलको १३(४) नं. अनुसार जन्म कैद गर्ने गरी र प्रतिवादीमध्येका पप्पु गुप्ताले ज्यानसम्बन्धीको महलको २५ नं. अनुसार कसुर गरेको ठहरी रू.२०।- जरिवाना हुने ठहर्‍याई भएको काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१२।१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार एवम् पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : गेहेन्द्र राज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०४१६, खोटा चलन, *रोजित सिंह वि. नेपाल सरकार*

मिसिल संलग्न बरामदी मुचुल्काहरूबाट प्रतिवादी रोजित सिंहबाट २९ थान रू. ५००।– दरको र २ थान १,०००।– दरको गरी जम्मा रू. १६,५००।– बराबरको नक्कली ने.रू. बरामद भएको देखिन आउँछ । निज प्रतिवादीले HP office jet all-in one लेखिएको प्रिन्ट मेसिन एक थान मर्मत गर्न दिएको अवस्थामा सिमरलाल श्रेष्ठको कास ट्रेडिङ हाउसबाट बरामद भएको देखिन आउँछ । उक्त बरामदी मुचुल्कालाई समर्थन हुने गरी बरामदी मुचुल्काका ज्ञानु सिख्राकार र देबबहादुर शाहीले अदालतमा आई बकपत्रसमेत गरिदिएको पाइन्छ । साथै मिसिल संलग्न राष्ट्र बैंकको च.नं. ८८ मिति २०६८।६।२३ को पत्रबाट प्रतिवादी रोजित सिंहबाट बरामद भएका उक्त नोटहरू जाली भएको भन्ने देखिन आउँछ । प्रतिवादीले प्रहरीमा गरेको साबिती बयान, नक्कली नोटहरू बरामद गरेको बरामदी मुचुल्कासमेतका प्रमाणहरूबाट समर्थित भएको छ । यस अवस्थामा प्रतिवादी रोजित सिंहले मुलुकी ऐन, खोटा चलनको महलको १ र ४ नं. बमोजिमको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीलाई खोटा चलनको महलको ४(१) नं. बमोजिम सजाय हुने नै देखिन आयो । प्रतिवादी रोजित सिंहले मुलुकी ऐन, खोटा चलनको महलको १ र ४ नं. बमोजिमको कसुरमा निज प्रतिवादीलाई खोटा चलनको महलको ४(१) नं. बमोजिम सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला उल्टी गरी सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर र निजतर्फका कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । अतः मिसिल संलग्न बरामदी मुचुल्का, बरामदी मुचुल्कालाई समर्थन हुने गरी बरामदी मुचुल्काका मानिसहरूले अदालतमा आई गरेको बकपत्र, राष्ट्र बैंकको परीक्षण प्रतिवेदन पत्रसमेतबाट प्रतिवादी रोजित सिंहबाट फेला परी बरामद भएको रू. १,०००।– र रू. ५००।– दरका नोटहरू जाली भएको भन्ने देखिन आएकोले प्रतिवादी रोजित सिंहले

अभियोग मागदाबीअनुसार मुलुकी ऐन, खोटाचलनको महलको १ र ४ नं. बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई ऐजनको ४ (१) नं. बमोजिम १० (दश) वर्ष कैद र बिगोबमोजिम रू.१६,५००।– (सोह्र हजार पाँच सय रूपैयाँ) जरिवाना हुने सुरू काठमाडौं जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२८ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : गीता घिमिरे

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०८६६, परमादेश, *जमुना प्रसाद मण्डल वि. नेपाल वायु सेवा निगम, नयाँ सडक, काठमाडौंसमेत*

निवेदक नेपाल वायुसेवा निगमको एसिस्टेन्ट कम्युनिकेसन मेन्टिनेन्स अफिसर पदमा ६ अप्रिल १९७६ देखि स्थायी नियुक्ति पाई मिति २०६५।५।१० मा सुपरिटेन्डेन्ट एयु क्राफ्ट मेन्टिनेन्स इन्जिनियर पदबाट राजीनामा दिई सेवाबाट अलग भएकोमा नेपाल वायुसेवा निगमको कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम १४५ बमोजिम पाउनु पर्ने उपदान रकम निवेदकको शान्ति मण्डल इलेक्ट्रिकल/इलेक्ट्रोनिक ट्रेनी इन्जिनियर पदमा सेवा प्रवेश गर्नुअघि मिति २०५६।९।१६ मा निगमको तर्फबाट विदेशमा तालिममा पठाएको र सो पठाउने गरिएको करारको सर्तबमोजिम निवेदककी छोरीले सर्त पुरा नगरेको र विदेशमा रहेकी हुँदा निज साक्षी बसेको आधारमा निवेदक आफूसमेत साक्षी बसी निगमलाई विश्वासमा पारी छोरीलाई तालिम गराएपश्चात् बिचमा छाडी जाने छोरीको दायित्व विपक्षीले नै व्यहोर्न पर्ने हुँदा उपदान लगायतका सुविधाहरू प्राप्त गर्न नसकेको भन्ने विपक्षी नेपाल वायुसेवा निगमको लिखित जवाफबाट देखिन्छ। निवेदकको छोरी शान्ति मण्डलबाट निगमसँग गरेको मिति २०५७।१।२३ को करार प्रतिज्ञापत्रअनुसार क्यानडा तालिममा जाँदा लागेको कुल खर्च रकम क्यानेडियन डलर १८,६७५ को सम्बन्धमा पुनरावेदन अदालत, पाटनमा करारबमोजिमको रकम तथा क्षतिपूर्ति रकमसमेत दिलाई भराइ पाउँ भनी नेपाल वायुसेवा निगम पुनरावेदक वादी विरूद्ध शान्ति मण्डल भएको मुद्दामा वादी दाबी खारेज हुने ठहरी फैसला भई अन्तिम भएको मिसिल संलग्न प्रतिलिपिबाट देखिएको छ। निवेदककी छोरी शान्ति मण्डलले गरिदिएको लिखतमा साक्षी बसेको आधार र निजले तालिम लिएपछि निगममा फर्की नियुक्ति लिई सम्झौताबमोजिम तोकिएको अवधि ५ वर्षसम्म काम नगरेकोले बाबु साक्षी बसेको आधारमा नै यी निवेदककी छोरी शान्ति मण्डलले गरेको कामबाट निगमलाई पुग्न गएको क्षतिपूर्तिको रकम असुलउपर गर्न निगमको नियमबमोजिम कर्मचारीले पाउनु पर्ने सेवा सुविधा रोक्न मिल्ने देखिन आएन। जुन व्यक्तिबाट करारबमोजिम क्षतिपूर्ति पाउनु पर्ने हो सो सम्बन्धमा पुनरावेदन अदालत, पाटनमा निगमले दायर गरेको मुद्दामा खारेज हुने ठहरी फैसला भएकोसमेत देखिएको अवस्थामा यी निवेदकको विनियमबमोजिम पाउने उपदानको रकम रोक्नु न्यायोचित देखिन नआउने।

निवेदकले विपक्षी नेपाल वायुसेवा निगममा सेवारत रहँदाको अवस्थामा पाउन बाँकी तलब, भत्ता र नेपाल वायुसेवा निगमको कर्मचारीहरूको सेवा सर्तसम्बन्धी विनियमावली, २०५८ को विनियम १४५ बमोजिम पाउनु पर्ने ३३ वर्ष कार्यरत रहेबापतको उपदान रकम उपलब्ध गराई दिन विपक्षी नेपाल वायुसेवा निगमको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००४५, उत्प्रेषण /

परमादेश, *केदारप्रसाद (के.पी.) पाठक वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

मुख्यरूपमा चलचित्रलाई विचार तथा अभिव्यक्तिको प्रभावकारी एवम् सशक्त माध्यमको रूपमा रहेकोमा चलचित्रको वर्गीकरण मापदण्ड, २०६९ ले चलचित्र निर्माणमार्फत विचार अभिव्यक्त गर्न पाउने हकलाई कुण्ठित पारेको भन्ने सन्दर्भ समेतलाई हेर्दा यस सम्बन्धमा प्रचलनमा रहेका कानूनलाई समेत हेर्नुपर्ने हुन्छ । चलचित्रलाई व्यवस्थित गर्नको लागि चलचित्र (निर्माण, वितरण र प्रदर्शन) ऐन, २०२६ र चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) नियमावली, २०५७ रहेको छ । चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २४ (ज४) मा "चलचित्र घरको वर्गीकरणका लागि मापदण्ड बनाई मन्त्रालयसमक्ष पेस गर्ने" भनी बोर्डको काम, कर्तव्य र अधिकार तोकिएको छ । यसबाहेक नियम २४(क) मा चलचित्र विकास बोर्डले चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालयसमक्ष पेस गर्ने ऐजनको नियम २४(झ) मा चलचित्र विकास प्रवर्द्धनका लागि उपयुक्त अन्य काम गर्ने गराउने लगायतका कार्य गर्न सक्ने गरी नियमावलीले चलचित्र विकास बोर्डलाई अधिकार प्रदान गरेको छ । चलचित्र निर्माण तथा प्रदर्शनको क्षेत्रमा भएको विकासलाई आत्मसात् गर्दै चलचित्रको क्षेत्रमा भएका नवीनतम प्रविधिहरूको प्रयोगमा प्रोत्साहित एवम् प्रवर्द्धन गर्नको लागि विकास बोर्डले आवश्यक नीति तर्जुमा गर्नसक्ने गरी चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ ले अधिकार प्रदान गरेको अवस्थामा चलचित्र घरको वर्गीकरण गर्न कानूनले अधिकार नदिएको भन्ने सन्दर्भमा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम २४ (क) ले स्पष्टरूपमा चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालयसमक्ष पेस गर्ने र ऐजन नियमावलीको नियम २४(झ) ले चलचित्र विकास तथा प्रवर्द्धन गर्नका लागि उपयुक्त अन्य काम गर्ने गराउने भन्ने उल्लिखित कानूनी व्यवस्थाबाट समेत चलचित्र विकास बोर्डले चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि चलचित्रको वर्गीकरण गर्न र मापदण्ड बनाउन सूचना तथा सञ्चार मन्त्रालयको स्वीकृति लिई बनाउन सक्ने नै देखिन्छ । यसबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त कुनै पनि मौलिक हकको हनन् भएको देखिन नआएको एवम् एउटा साधिकार निकायले नेपाल सरकारबाट स्वीकृति लिई चलचित्र एवम् चलचित्र घरहरूलाई सुव्यवस्थितरूपमा चलचित्रकर्मीहरूको सहकार्यमा गठित कार्यदलको सुझावबमोजिम जारी गरी लागू गरेको चलचित्रकर्मीहरूको सहकार्यमा गठित कार्यदलको सुझावबमोजिम जारी गरी लागू गरेको चलचित्र तथा चलचित्र घरको वर्गीकरण मापदण्ड, २०६९ कानूनसम्मत नै देखिन आयो । यसबाट कुनै पनि व्यक्तिको चलचित्र निर्माण गरी चलचित्रमार्फत विचार र अभिव्यक्ति गर्न पाउने संविधानप्रदत्त हकलाई कुण्ठित गरेको देखिन नआएकोले आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: गीता घिमिरे

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०२३६, उत्प्रेषण / परमादेश, *उपभोक्ता मञ्च नेपाल, जिल्ला कार्य समिति, कञ्चनपुरको तर्फबाट अ.प्रा. ऐ.का अध्यक्ष, हेमबिक्रम थापा वि. जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरसमेत*

जिल्ला विकास समिति कञ्चनपुरद्वारा आह्वान गरिएको स्थानीय विकास शुल्क (पैठारी) को ठेक्कामा सोनी कन्स्ट्रक्सन कम्पनीको सहभागी

भई सोको ठेक्कासमेत उल्लिखित कम्पनीलाई मिति २०७०।४।१ र २०७०।४।१६ मा जि.वि.स. कञ्चनपुरले ठेक्का सम्झौता गरी ठेक्का दिएको देखिएको छ । जिल्ला विकास समिति कञ्चनपुर र सोनी कन्स्ट्रक्सनले जम्मा गरेको रकम जिल्ला विकास समितिबाट आफ्नो रकम फिर्ता लगिसकेकोले हाल दाबीमा उल्लेख गरेको सम्झौता बहालमा वा कार्यान्वयनमा समेत नरहेको भन्ने जि.वि.स.को लिखित जवाफ रहेबाट सोनी कन्स्ट्रक्सन कम्पनी र जि.वि.स. कञ्चनपुरका बिचमा भएको मिति २०७०।४।१ को सम्झौता रद्द भई सो कन्स्ट्रक्सनले जम्मा गरेको रकमसमेत फिर्ता लगेको देखिएकोले निवेदकले जुन विषयलाई आधार बनाई रिट निवेदन दायर भएको हो सो निर्णय नै बदर भइसकेको भन्ने जि.वि.स. कञ्चनपुरको लिखित जवाफबाट देखिँदा प्रस्तुत निवेदनको औचित्य नै समाप्त भइसकेकोले निवेदकको निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन । अतः प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-WO-००९०, उत्प्रेषण / परमादेश, *चन्द्रकान्त झा वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाडौंसमेत*

निवेदकले आवास गृह उपलब्ध गराई पाउँ भनी मिति २०६६।१२।१२ मा दिएको निवेदनका आधारमा आयुर्वेद चिकित्सालय नरदेवीले निजलाई आवासमा बस्ने सुविधा दिएको भन्ने व्यहोरा मिसिल संलग्न कागजबाट देखिन्छ । सोही निवेदनका आधारमा आयुर्वेद चिकित्सालय नरदेवीबाट निवेदकले आवासको सुविधा पाएकोमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति २०७०।५।४ च.नं. १९५ को नेपाल सरकार (सचिव स्तर) को निर्णय भनी निर्देशन दिएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पटकपटक आवास गृह खाली गर्न चिकित्सालयमा कार्यरत निवेदकसमेत अन्य कर्मचारीहरूलाई चिकित्सालयको आवास गृह खाली गराउने सम्बन्धमा नरदेवी आयुर्वेद चिकित्सालयमा नरदेवीका प्रमुखको नाममा पत्राचार भएको देखिएको छ । सोही पत्रको आधारमा नरदेवी आयुर्वेद चिकित्सालयले मिति २०७०।६।६ गते च.नं. १८७ को पत्रबाट निवेदकलाई आवास गृह खाली गर्ने सम्बन्धमा पत्राचार भएको र पुनः मिति २०७१।३।२० मा च.नं. ६९० बाट क्वाटर खाली गर्न ताकेता दिएको देखिएको छ । निवेदकलाई पटकपटक पत्राचार भएकोमा सो कार्यान्वयन नभएबाट आयुर्वेद विभागले मिति २०७१।४।१९ मा च.नं. ५८ बाट पुष्ट्याइँ पेस गर्ने सम्बन्धमा पत्राचार भएको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतले आवास गृह खाली गर्ने सम्बन्धमा स्पष्टीकरण पेस गर्ने पत्राचार गरेको देखिएको छ । निवेदकले यस ऐन कानूनबमोजिम आफूले आवास गृहको सुविधा पाउनु पर्ने भनी उल्लेख नगरी नरदेवी आयुर्वेद चिकित्सालयका प्रमुखलाई निवेदन दिएकोमा सो निवेदनमा दिएको तोक आदेशबाट आवासको सुविधा प्राप्त गरेको अवस्था देखिएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत आवास गृह खाली गर्ने सम्बन्धमा भएको पत्रलाई समेत नजरअन्दाज गरी निवेदकले क्वाटर खाली नगरी अटेर गरी बसेको देखिन आयो । यी निवेदक कविराज (वैद्य) पदमा कार्यरत रहे तापनि कुनै पनि कानूनले आवास सुविधा प्रदान गरेको देखिँदैन । साथै निवेदकले यो कानूनअनुसार सुविधा पाएको भनी खुलाउन सकेको देखिएन । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५३(२) बमोजिम सम्बन्धित कर्मचारीले आफ्नो कार्यालय वा सोभन्दा माथिल्लो निकायबाट प्राप्त आदेश निर्देशनलाई पालना गर्नु पर्नेमा सोलाई अटेर

गरेको देखिन आयो । कानूनबमोजिम अख्तियार प्राप्त निकायको निर्देशनलाई पालना नगरी अटेर गरी कुनै कानूनले आवास गृहको सुविधा नदिइएका यी निवेदकलाई आवास गृहबाट हटाउने गरी भएको निर्देशन पत्राचार एवम् काम कारवाहीलाई अन्यथा भनि रहनु पर्ने देखिन आएन । अतः माथि विवेचित आधारहरू समेतबाट निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने कुनै आधार देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७१ साल चैत ११ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-११६४, भ्रष्टाचार, *ईश्वरीप्रसाद न्यौपाने वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. को कानूनी व्यवस्थाबमोजिम सो नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र निजको व्यक्तिगत विवरणमा संलग्न रहेसम्म हदम्याद कायम रहने देखियो। यस विषयमा ऐनको मनसायलाई पराजित गर्ने गरी सिमित हदम्याद कायम गरी अदालतबाट व्याख्या गरिनु हुँदैन । यसै सम्बन्धमा हाल कायम रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ मा प्रस्तुत विवादको सन्दर्भमा मुद्दा दायर गर्ने हदम्यादको व्यवस्था नगरी हदम्यादलाई विस्तृतिकरण गरेको अवस्था देखिने।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग शैक्षिक प्रमाणपत्र छानबिन ईकाइको प.सं.शै.प्र. ०६३/६४ च.नं. ७४३ मिति २०६४।३।२८ को पत्रबाट बालकृष्ण घिमिरेलाई अनुसन्धान अधिकृत तोकेको देखियो । अनुसन्धान अधिकृत तोकिएको मितिबाट २ वर्षभित्रै अर्थात् मिति २०६४।११।६ मा प्रस्तुत मुद्दाको आरोपपत्र विशेष अदालत काठमाडौंमा दर्ता गरेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क. बमोजिम अनुसन्धान अधिकृत तोकिएको मितिबाट ऐनमा भएको व्यवस्था बमोजिम २ वर्षभित्रै मुद्दा दर्ता भएको देखिँदा सो आरोपपत्र कानूनबमोजिम नै दर्ता भएको देखिने हुँदा प्रतिवादी ईश्वरीप्रसाद न्यौपानेले झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर गरी निजलाई सोही ऐनको दफा २९(२) बमोजिम रू.५००।- (रूपैयाँ पाँचसय) जरिवाना गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६८।२।२२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ७ गते रोज ५ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१६९, कर्तव्य ज्यान, विष्फोटक पदार्थ, *सानु भन्ने श्याम थापा वि. नेपाल सरकार*

प्रतिवादीको मौकाको साबिती बयानलाई जाहेरवालाको किटानी जाहेरी व्यहोरा घटनास्थल मुचुल्का, लासजाँच प्रतिवेदन, मौकामा कागज गर्ने शान्ति वि.क. समेतले पुष्टि गरेको देखिन आउँछ । प्रतिवादी अदालतको बयानमा इन्कारी रहेको देखिए पनि अन्य स्वतन्त्र प्रमाणबाट त्यस्तो इन्कारी बयान पुष्टि हुन सकेको मिसिल प्रमाणबाट देखिन नआएकोले यी पुनरावेदक प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिल्ने।

मृतक नविन थापालाई प्रतिवादी श्याम थापाले टाउकोमा बम प्रहार गरी हत्या गरेको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा प्रतिवादी श्याम

थापालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल असोज १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-०११३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुन थपलिया*

कुनै पनि मानिसको ज्यान कानूनबमोजिम बाहेक कसैले पनि लिन पाउँदैन । तर, आफ्नो आत्मरक्षार्थ अरूको ज्यान लिन भने पाइन्छ । मानिसले आफ्नो ज्यानको सुरक्षा गर्न पाउने सर्वाधिक महत्त्वपूर्ण प्रथम नैसर्गिक अधिकार हो । चरम आवश्यकताको अवस्थाले कानून चिन्दैन । यसै सिद्धान्तलाई आत्मसात् गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७ नं. को प्रावधान राखिएको हो । तर, यस नम्बरको जिकिर लिनु मात्र पर्याप्त नहुने ।

जसरी प्रहार गर्नेको ज्यान महत्त्वपूर्ण र कानूनद्वारा संरक्षित हुन्छ, त्यसैगरी मर्नेको ज्यान पनि उत्तिकै महत्त्वपूर्ण र कानूनद्वारा संरक्षित हुन्छ । फगत आत्मरक्षाको जिकिर लिँदैमा पर्याप्त हुँदैन । यस नम्बरलाई बहुत सावधानीकासाथ मर्ने र मार्ने दुवैको ज्यानको महत्त्वलाई संवेदनशील भई प्रयोग गर्नु उचित हुन्छ । तसर्थ, आत्मरक्षाको जिकिर लिनेले आफूले अर्काको ज्यान नमारेको भए आफू बाँच्न सक्ने स्थिति हुने थिएन भनी स्पष्ट पार्न सक्नु पर्दछ । आफू बाँचेको कारण नै अर्काको ज्यान मारेर मात्र सम्भव भएको हो भन्ने देखिनु पर्छ । आफ्नो ज्यान बचाउन अरूको ज्यान लिनै पर्ने चरम आवश्यकता रहेको अवस्थामा मात्र चरम आवश्यकताले कानून बुझ्दैन, चिन्दैन वा मान्दैन भन्ने सिद्धान्तको प्रयोग सान्दर्भिक हुने ।

आफ्नो ज्यान कसैले मार्न लाग्यो, त्यसलाई पक्राउ पनि गर्न नसकिने, गुहार मद्दत पनि आफूले नपाउने, भाग्न पनि नसकिने र आफूले केही नगरे आफ्नो ज्यान अब बाँच्न सक्दैन भन्ने स्पष्ट नदेखिएसम्म आत्मरक्षाको जिकिरलाई यथोचित मानिँदैन । प्रस्तुत मुद्दामा प्रतिवादी आफैँले मृतक दाजुसँग आफूलाई मार्न कोसित कुरा गर्न गएको भनी झगडा गर्न सुरू गरेको देखिन्छ । मृतकले चक्कु निकाल्यो भनिएको छ तर खुँडा लिन सक्ने प्रतिवादीले त्यहाँबाट भाग्न सक्ने स्थिति थिएन भन्न सकिने अवस्था छैन । चक्कु लिने र खुँडा लिनेमा खुँडा लिनेले घरमा गुहार माग्न पाउने स्थिति थिएन पनि भन्न नमिल्ने ।

मृतकलाई खुँडाले एक पटक प्रहार गरी सकेपछि घाइते मृतकले प्रतिवादीलाई मार्न सक्ने स्थिति नै नरहेको अवस्थामा पटकपटक टाउको, गला र अरू संवेदनशील अङ्गमा प्रहार गरेको देखिन्छ । प्रतिवादीले आफ्नो ज्यान बचाउनको लागि अन्तिम प्रयासस्वरूप दाजुलाई प्रहार गरेको अवस्था रहेको पनि देखिँदैन । तसर्थ, प्रतिवादीले पुनरावेदन अदालतमा आत्मरक्षाको जिकिर लिएकोतर्फ पनि मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७(१) नं.को अवस्था विद्यमान रहेको नदेखिने हुँदा प्रतिवादी अर्जुन थपलियालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतको मिति २०६८/५/१३ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।४।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मीना गुरूङ

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल असोज १ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०७६४, उत्प्रेषण, *जीतबहादुर महत वि. श्री जिल्ला सरकारी वकिलको कार्यालय, रामेछापसमेत*

प्रतिवादी म्यादवालाको नाउँको म्याद सम्बन्धित वडाका मानिसहरूको रोहवरमा निवेदक प्रतिवादीको घरदैलोमा टाँस भई अ.बं. ११० नं. समेतबमोजिम रितपूर्वक तामेल भएको देखिएको छ । घरदैलामा टाँस तामेल गर्ने म्याद अड्डाले अड्डामा सम्पन्न गर्ने कार्य नभै तामेलदारले गा.वि.स. सचिवको रोहबरमा घरदैला अर्थात् फिल्डमा सम्पन्न हुने कार्यलाई गा.वि.स. को छाप नलागेकै कारणले बेरितको भन्न मिलेन। तसर्थ सो म्याद बेरितको देखिने स्पष्ट कानूनी आधार नदेखिँदा निवेदकको मागबमोजिम म्याद बेरितपूर्ण तामेल भएको मान्न मिल्ने नदेखिने।

वादी नेपाल सरकार प्रतिवादी जीतबहादुर महतसमेत भएको जबरजस्ती करणी मुद्दामा मिति २०६४।१०।१० मा अंश रोक्का गर्ने मुचुल्का भएकोमा सो मितिले अ.बं. १९० नं. अनुसार २ वर्ष नाघेपछि अर्थात् २०६७।१।१३ मा मुल्तबीबाट मुद्दा जागेको र तत्पश्चात्को मुद्दाको कारवाहीमा मिति २०६७।२।२७ मा रामेछाप जिल्ला अदालतबाट फैसला हुँदा यी निवेदक/प्रतिवादी जीतबहादुर महतलाई जबरजस्ती करणीको महलको ३ नं. को देहाय २ अनुसार तजबिजी कैद वर्ष ७ हुने र तत्कालिन जबरजस्ती करणीको महलको १० नं. बमोजिम प्रतिवादीको अंशभागको आधा पीडित जाहेरवाला तारादेवी कार्कीलाई दिलाई दिनेसमेत ठहर्‍याई फैसला भएको पाइन्छ। उक्त फैसला अन्तिम भइरहेको छ। निवेदकले अंश रोक्का भएको मितिले ६ वर्षसम्म निवेदक प्रतिवादी हाजिर हुने अवस्था रहेको र सो ६ वर्षसम्म हाजिर नभए सो अवधि नाघेपछि मात्र फैसला गर्नु पर्नेमा अ.बं.९६नं. विपरीत फैसला भएको भन्ने दाबीका सन्दर्भमा हेर्दा जबरजस्ती करणीको मुद्दा वारेन्ट जारी हुने प्रकृतिको मुद्दा भएको र अड्डामा हाजिर नभएको अभियुक्तको हकमा वारेन्ट जारी भएको छ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखत मुद्दा खडा गरी बुझी कानूनबमोजिम गर्ने भनी मुल्तबी राखी सो मुल्तबी रहेका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको दुई वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गर्नु पर्छ भन्ने मुलुकी ऐन, अ.बं. १९० नं. को कानूनी व्यवस्था रहेको र सो कानूनी व्यवस्थाविपरीत फैसला भएको भन्ने निवेदकको निवेदन जिकिर देखिँदैन । मुलुकी ऐन, अ.बं.९६ नं. हेर्दा "म्यादी पुर्जीका म्यादसम्ममा पनि हाजिर नहुँदा ऐनबमोजिम अंश रोक्का भएकोमा सो मानिस अंश रोक्का भएको छ वर्षसम्ममा हाजिर भयो भने मुद्दा फैसला हुँदा सो मानिसलाई सजाय हुने ठहरे जो लिनु पर्ने लिई बाँकी रहेकोमा बाँकी र केही नलाग्नेमा सबै फुकुवा गरिदिनु पर्छ" भन्ने कानूनी व्यवस्था देखिन्छ तर निवेदकले निवेदनमा दाबी गरेबमोजिम अंश रोक्का भएको मितिले छ वर्ष नाघेपछि मुद्दा फैसला गर्नु पर्ने भन्ने प्रावधान उक्त अ.बं. ९६ नं. मा नभएको तथा अ.बं. १९० नं. बमोजिम अंश रोक्का भएको मितिले दुई वर्ष पुगेपछि मुल्तबी जगाई फैसला गर्न मिल्ने नै देखिन आउँछ । अर्थात् मुलुकी ऐन, अ.बं.९६ नं. कानूनी व्यवस्था के कस्तो आधारमा मुल्तबी राख्ने वा के कस्तो आधारमा मुल्तबी जगाई फैसला गर्ने सन्दर्भको नभई फरक प्रसङ्ग सन्दर्भको हुँदा प्रस्तुत मुल्तबी राख्ने वा मुल्तबी जगाई फैसला गर्ने विषयवस्तुमा आकर्षित हुने अवस्थाको देखिँदैन । तसर्थ वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक जितबहादुर महत भएको जबरजस्ती करणी मुद्दामा यी निवेदक प्रतिवादीका नाउँमा रितपूर्वक म्याद

तामेल भएको देखिएको र अ.बं. १९० नं. बमोजिम अंश रोक्का भएको मितिले २ वर्ष पुगेपछि मुल्तबी जगाई कानूनी व्यवस्थाअनुरूप नै फैसला गरेको रामेछाप जिल्ला अदालतको मिति २०६७।२।२७ को फैसला निवेदन मागबमोजिम उत्प्रेषणको आदेशले बदर हुने नदेखिएको र कानूनी रोह रितमा अन्तिम भैरहेको फैसला हुँदा निवेदन दाबीबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुन नसक्ने हुँदा निवेदकको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९८६, कर्तव्य ज्यान, *लोकबहादुर लामा तामाङ वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा मिति २०६८।४।२५ मा लिमी गाउँ विकास समिति वडा नं. ७ तुम्लिङस्थित ओडारमा बास बस्न गएको बखत मृतकसँग वादविवाद हुँदा मृतकले साथमा राखेको चक्कु जबरजस्ती निकाली प्रहार गरेको हुँ । बरामद हुन आएको स्टालियन्स जापान लेखिएको चाइनिज चक्कुले तानदोर्जेलाई ढाडको पाताको भाग खुट्टाको साप्राको भागमा प्रहार गरी सख्त घाइते बनाएको, चक्कु र खोल त्यहीँ फ्याँकी भागेको र चक्कु यही हो भनी सनाखत गर्दै आफ्नो प्रहारबाट मृतकको मृत्यु भएको तथ्यसमेत स्वीकार गरी कसुरमा साबित रही बयान गरेको देखिन्छ । प्रतिवादीले अदालतसमक्ष उपस्थित भई गरेको बयानसमेतमा मृतकलाई ढाड, तिघ्रा, साप्रामा चक्कुले प्रहार गरी घाइते बनाई फरार भएको व्यहोरा उल्लेख गरेको पाइएको तथा सो साबिती बयानलाई जाहेरीसमेतका माथि उल्लिखित मिसिल संलग्न कागजहरूबाट समर्थित भई पुष्टि भएको देखिँदा तानदोर्जे लामाको मृत्यु प्रतिवादी लोकबहादुर लामाको कर्तव्यबाटै भएको तथ्य स्पष्ट हुन आउने ।

प्रतिवादीले चक्कुजस्तो घातक हतियार प्रहार गरेको कारणबाट तानदोर्जे लामाको मृत्यु भएको यस्तो प्रकृतिको वारदात ज्यानसम्बन्धीको महलको १४ नं. अन्तर्गत पर्ने नभै ज्यानसम्बन्धीको महलको १३ नं.को देहाय १ अन्तर्गत पर्ने हुँदा ज्यानसम्बन्धीको महलको १३ नं.को देहाय १ को कसुरमा सोही नम्बरअनुसार निज प्रतिवादी लोकबहादुर लामा (तामाङ) लाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू हुम्ला जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, जुम्लाको फैसला मनासिब नै देखिन आउने ।

प्रतिवादी र मृतक सँगसँगै बसी रक्सी सेवन गरेको अवस्थामा वादविवाद भै मृतकले प्रतिवादीलाई गाला कञ्चटमा हानेको साथै मृतकले प्रहार गर्न खोजेको चक्कु निज मृतकको साथबाट खोसी प्रतिवादीले मृतकउपर प्रहार गरेको, मार्ने मनसाय भए पुन: प्रहार गरी मार्न सक्ने अवसर हुँदाहुँदै पनि मृतकलाई घाइते अवस्थामा छोडी भागेको हुँदा मार्नुपर्नेसम्मको पूर्वरिसइवी मनसाय नदेखिएको समेतका मिसिल संलग्न तथ्यहरूबाट प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १३(१) बमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले अ.बं. १८८ नं.बमोजिम निज प्रतिवादी लोकबहादुर लामा (तामाङ) लाई १५ (पन्ध्र) वर्ष कैद सजाय गर्दा पनि कानूनको मकसद पुरा हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९३९, १०५७, कर्तव्य ज्यान, *विष्णुबहादुर सोमै वि. नेपाल सरकार, नेपाल सरकार वि. श्यामबहादुर रानासमेत*

प्रतिवादीले यस अदालतमा लिएको पुनरावेदन जिकिरमा आफू अनुसन्धान अधिकारीसमक्षको बयानमा साबिती भएको भए तापनि तत्काल उठेको रिस थाम्न नसकी आवेशमा मुक्का प्रहार गर्दा बुबाको मृत्यु भएको भन्ने अवस्थाले ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने भन्नेसमेतको जिकिरतर्फ हेर्दा माथि उल्लिखित प्रतिवादी विष्णुबहादुर सोमैसमेतको मौकाको बयानबाट प्रतिवादी विष्णुबहादुरले मुक्काले हानेपछि मृतक टेकबहादुर भुइँमा ढलिसकेपछि पनि निज बाबु टेकबहादुरको घाँटीसमेत थिचे च्यापेको भन्ने देखिएको छ। मृतकको शरीरमा विभिन्न घाउचोट देखिएको र मृत्यु भएपछि सो कसुरलाई ढाकछोप गर्न झुण्डिएर मरेको बहाना गर्न खोजेको तथा कसुर दबाउनका मतलबले लासजाँच नै नगरी लास जलाएको समेतका घटना, परिस्थिति र प्रतिवादीको दुरासययुक्त नियतसमेतलाई विचार गर्दा पुनरावेदन जिकिरबमोजिम आवेशप्रेरित हत्याको अवस्था देखिन आएन। प्रतिवादी विष्णुबहादुर सोमै र टेकबहादुर सोमैबिच झगडा हात हालहाल भएकोमा यी प्रतिवादीको मुक्काबाट भुइँमा ढलेका आफ्नै बाबुलाई संवेदनशील अङ्ग घाटी थिची मरेपछि सजायबाट बच्न आफैँ झुण्डिएको बहाना पारेको र लासजाँच नै नगरी लास जलाएको समेतको प्रतिवादीको नियत दुरासययुक्त देखिन आएको मिसिल प्रमाणबाट देखिएकोले निज प्रतिवादी विष्णुबहादुर सोमैको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. र ऐ. को ४ नं. अनुसारको कसुर अपराधमा सोही १३(३) नं. बमोजिम सर्वश्वसहितको जन्मकैदको सजाय गरी निजलाई ऐ.को ४ नं. बमोजिम थप ६ महिना कैद गरेको सुरू पाल्पा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१०।२ को फैसला मिलेकै देखिन आउने।

ज्यानसम्बन्धीको महलको ४ को अन्तिम वाक्यांश र सोही महलको २५ नं. बमोजिम अपराध भएको थाहा पाएपछि अपराध दबाउनका मतलबले निज श्यामबहादुर राना र अन्य मलामी जाने प्रतिवादीहरू जंगबहादुर श्रेष्ठ र दीलबहादुर रेश्मीले लास जाँच नगराएको र जाहेरी नगरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुष्टि हुन आएन। बरू मृतक टेकबहादुरको मृत्यु आफैँ आत्महत्या गरेको भन्नेसम्मको व्यहोरा थाहा पाई सकेपछि पनि लासजाँच नगरी तथा पुर्जीसमेत नलिई लास जलाउने समेतको कार्यमा संलग्न भएको देखिँदा ज्यानसम्बन्धीको महलको ४ नं. विपरीतको कसुर गरेको देखिँदा प्रतिवादीहरू श्याम बहादुर राना, जंगबहादुर श्रेष्ठ र दीलबहादुर रेश्मीलाई सोही महलको ४ नं. बमोजिम जनही रू.१०।- जरिवाना गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी विष्णुबहादुर सोमैले आफ्नै बाबुलाई मुक्काले हानेको, धकेलेको र घाँटी थिचेको कारण मृत्यु भै अपराध लुकाउन झुण्डिएको देखाउनेसम्मका कार्य गरेको भए तापनि मार्ने पूर्वयोजना रिसइवी नभएको, रिसको आवेशमा धकेलेको कारणसमेतले वारदात घटेको देखिएको कारणबाट प्रतिवादी विष्णुबहादुर सोमैलाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले अ.बं. १८८ नं.बमोजिम निज प्रतिवादी विष्णुबहादुर सोमैलाई कैद वर्ष १० (दश) गर्दा पनि कानूनको मकसद पुरा हुने देखिएकोले सोहीबमोजिम सजाय हुन मनासिब देखिने हुँदा प्रतिवादी विष्णुबहादुर सोमैलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय र सोही महलको ४ नं. बमोजिम थप सजाय गरी पाल्पा जिल्ला अदालतबाट २०६९।१०।२४ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१०।२ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र कैदको हकमा निज प्रतिवादी विष्णुबहादुर सोमैलाई अ.बं. १८८ नं.बमोजिम कैद वर्ष १० हुने ठहर्छ। प्रतिवादीहरू जंगबहादुर श्रेष्ठ र दिलबहादुर

रेश्मीलाई ज्यानसम्बन्धीको महलको २५ नं. अनुसार रू. २०।- जरिवाना र ऐ. ४ नं. बमोजिम थप ६ महिना कैदको थप सजाय गरेको र प्रतिवादी श्यामबहादुर रानालाई ऐ. २५ नं.बमोजिम रू. २०।- जरिवाना गरेको सुरू पाल्पा जिल्ला अदालतको फैसला सो हदसम्म नमिलेको भनी केही उल्टी गरी निज प्रतिवादीहरू जंगबहादुर श्रेष्ठ, डिलबहादुर रेश्मी र श्यामबहादुर रानालाई ज्यान सम्बन्धीको महलको ४ नं. बमोजिम जनही रू. १०।- जरिवाना हुने ठहर्‍याई गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१०।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०९०३, जबरजस्ती करणी, *मानबहादुर वि.क. वि. नेपाल सरकार*

प्रतिवादीको मौकाको साबिती बयान किटानी जाहेरी एवम् जाहेरवालाको अदालतको बकपत्र, बरामदी मुचुल्का र बरामद भएका पीडितका पेटिकोटसमेत पीडितको लोग्ने जाहेरवालाले वारदातको बखत आफ्नो श्रीमतीले लगाएको भनी गरेको सनाखत कागज, घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्का समेतका मिसिल संलग्न प्रमाणहरूबाट समर्थित पुष्टि भइरहेको र पीडितको मानसिक एवम् शारीरिक अवस्था ठिक नभएको तथ्य प्रतिवादी स्वयम्ले समेत अदालतको बयानमा स्वीकार गरेकोले अभियोग दाबीबमोजिम मानसिकरूपमा बिरामी रहेकी राम्रोसँग बोल्न हिँड्न नसक्ने अवस्थाकी पीडित सीता (नाम परिवर्तन) लाई कुटपिट गरी जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ बमोजिम ५ वर्ष कैद र मानसिकरूपमा अशक्त महिला पीडितलाई जबरजस्ती करणी गरेकोमा सोही महलको ३ क नं. बमोजिम थप कैद ५ वर्षसमेत जम्मा १० (दश) वर्ष कैद हुने र प्रतिवादीबाट पीडितले सोही महलको १०(ग) नं. बमोजिम रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भराई लिन पाउने ठहर्‍याएको सुरू अर्घाखाँची जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-१०२८, ०९९८, कर्तव्य ज्यान, *धर्मबहादुर श्रेष्ठसमेत वि. नेपाल सरकार, अम्मर रोकासमेत वि. नेपाल सरकार*

अधिकारप्राप्त अधिकारीसमक्ष भएको प्रतिवादी गोविन्द घर्ती, प्रतिवादी धर्मबहादुर श्रेष्ठ र अम्मर रोकासमेतको बयानबाट आफूहरूले मृतक बमबहादुरलाई दाउराको चिरपट, ढुङ्गा, लात मुक्काले टाउको र शरीरको विभिन्न भागमा प्रहार गरेको भन्नेसमेतको कसुरमा आफू साबित भई गरेको बयानलाई घटना विवरण कागज गर्ने गोविन्दराज घर्तीसमेतको मौकाको कागज, मौकाको जाहेरी र जाहेरवालाले अदालतमा उपस्थित भै गरेको बकपत्र, घटनास्थल तथा लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र वारदातस्थलमा भेटिएका चप्पल, झाडीमा रहेको पैन्ट बरामद भएकोमा सोलाई प्रतिवादी अम्मर रोकाले सनाखत गरेकोसमेतका वस्तुगत प्रमाणबाट पुष्टि हुन आएको छ। प्रतिवादीहरू धर्मबहादुर श्रेष्ठ, अम्मर रोका, गोविन्द घर्तीसमेतले अदालतमा बयान गर्दा वारदातस्थलमा आफूहरू नरहेको भनी बयान गरे तापनि निजहरूको उक्त बयान मिसिल संलग्न तथ्य एवम् प्रमाणहरूबाट खम्बिर हुन सकेको देखिँदैन। अतः पुनरावेदक प्रतिवादीहरू क्रमशः धर्मबहादुर श्रेष्ठ, अम्मर रोका र गोविन्द घर्तीमगरले रातिको समयमा

बमबहादुर घर्तीलाई चिरपट दाउरासमेतले टाउको जस्तो संवेदनशील अङ्गमा पटकपटक हिर्काई कर्तव्य गरी मारेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको र यो यसको चोटबाट मरेको भन्ने नदेखिई यी प्रतिवादीहरूको सामूहिक प्रहारबाट मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादीहरू धर्मबहादुर श्रेष्ठ, अम्मर रोका र गोविन्द घर्ती मगरलाई कसुरदार ठहर्‍याई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६९।२।७ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, तुल्सीपुरको मिति २०६९।१२।४ को फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू र मृतकबिच वारदातपूर्व ज्यान मार्नेसम्मको रिसइवी वा कुनै कारण रहेको र योजना बनाएको स्पष्ट प्रमाणित हुन आउँदैन । मृतक र प्रतिवादीहरू वारदातको तत्काल अगाडि सँगै रक्सी खाएको र नसाको सुरमा त्यस किसिमको अपराध गरेको पनि देखिन आउँछ। मृतकलाई मार्नुपर्नेसम्मको खास कारण देखिँदैन । रक्सीको नशामा पिसाब आँगनमा फेरेको कारणबाट वादविवाद भै घटना घटेको अवस्था देखिँदा ऐनबमोजिम पुरा सजाय गर्दा चर्को पर्नजाने चित्तमा लागेको र कम सजाय हुँदा पनि कानूनको मकसद पुरा हुन जाने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्र. अम्मर रोका, प्र. धर्मबहादुर श्रेष्ठ र प्र. गोविन्द घर्तीलाई जनही १०(दश) वर्षका दरले कैद सजाय गर्न मनासिब देखिँदा सोहीबमोजिम व्यक्त गरेको रायबमोजिम कैद वर्ष १० हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०८११, कर्तव्य ज्यान, मनहरि *परियार वि. नेपाल सरकार*

जाहेरवाली कान्छी परियार गौतमको किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट, परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न सबुद प्रमाणहरूबाट यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान पुष्टि भै राखेको अवस्था देखिँदा केवल निजको अदालतसमक्षको इन्कारी बयानको आधारमा मात्र निजले आरोपित कसुर गरेको होइनन् भनी मान्न सकिने अवस्था देखिँदैन। मृतक चतुरे परियारको मृत्यु यी प्रतिवादी मनहरि परियारको कुटपिटका कारणबाट भएको देखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखिने।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।१५ मा यी प्रतिवादी मनहरि परियारलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल असोज १ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-०८७६, फैसलाबमोजिम जग्गा दर्ता गरिपाउँ, *बलराम अधिकारी वि. रूपाकुमारी अधिकारी*

पुनरावेदक बलराम अधिकारीको जग्गा खिचोला मुद्दाबाट क्षेत्रीय अदालत पोखराबाट मिति २०४६।५।२५ को फैसलाले जिती पाएको कि.नं. १० को जग्गामात्र विपक्षी रूपा कुमारीले देखाएको चौहद्दीमा पर्ने तर कि.नं. ११ नपर्ने हुँदा मेरो नाममा दर्ता हुनुपर्छ भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा सो जग्गाका

सम्बन्धमा मालपोत कार्यालयले सो जग्गाको उल्लिखित जग्गा खिचोला मुद्दामा भएको नक्सा कुण्डलीको विवेचना गरी कि.नं. १० मात्र रूपा कुमारीको नाउँमा दर्ता हुने र कि.नं. ११ यी पुनरावेदकको नाउँमा दर्ता हुने गरी निर्णय गरेको देखिन्छ भने मिति २०५७।८।१३ मा भएको अंश मुद्दाको फैसलाले कि.नं. ११ समेत प्रत्यर्थी रूपा कुमारीको हुने भनी बादी राधा कुमारी अधिकारी प्रतिवादी यिनै रूपाकुमारी अधिकारी भएको अंश मुद्दामा पुनरावेदन अदालत, बागलुङबाट मिति २०५७।८।१३ फैसला भै फैसला अन्तिम भैरहेको पनि देखिन्छ । तर सो फैसलाले यी पुनरावेदकलाई असर पारेको भनी सो २०५७।८।१३ को फैसला बदर गरी पाउन यी पुनरावेदक बलराम अधिकारीले फैसला बदर मुद्दा दायर गरी कारवाहीयुक्त अवस्थामा रहेको भन्ने पनि देखिन आयो । यस अवस्थामा सो फैसला बदर मुद्दामा हुने फैसलाले सो कि.नं. ११ बलराम अधिकारीको ठहरेमा सोही मुद्दामा ठहरेबमोजिम हुन सक्ने अवस्था भै पुनरावेदन अदालत, बागलुङले हाल विवादित कि.नं. ११ को जग्गा प्रत्यर्थी रूपाकुमारीको नाउँमा दर्ता गरिदिने गरी भएको फैसलालाई अन्यथा भन्न मिलेन । तसर्थ दाबीको कि.नं. ११ समेतको जग्गा फैसलाबमोजिम प्रत्यर्थी रूपा कुमारीको नाउँमा दर्ता हुने र यी पुनरावेदक बलरामको नाउँमा हुने गरी भएको मालपोत कार्यालयको निर्णयलाई केही उल्टी गरी कि.नं. ११ को जग्गा प्रमाणबाट प्रत्यर्थी बलरामको नाममा दर्ता हुने जग्गा भएमा त्यसै मुद्दामा ठहरेबमोजिम हुन सक्ने नै हुँदा हाल उक्त विवादित कि.नं. ११ को जग्गासमेत प्रत्यर्थी रूपाकुमारीको नाउँमा मिति २०५७।८।१३ को फैसला अनुसार दर्ता गरिदिनु पर्ने ठहर्‍याई भएको मिति २०५८।९।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल फागुन १९ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१००४, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. विश्व तामाङ*

फौजदारी मुद्दामा प्रतिवादीउपर लगाइएको आरोपित कसुर शङ्कारहित तबरबाट प्रमाणित गर्ने प्रमाणको भार वादी पक्षमा निहित रहने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त पनि हो । प्रस्तुत मुद्दामा यी प्रतिवादी विश्व तामाङउपर लगाइएको आरोपित कसुर तथ्ययुक्त, ठोस सबुद प्रमाणबाट अभियोजन पक्षले पुष्टि गर्न सकेको अवस्था देखिँदैन । तसर्थ यस अदालतबाट मिति २०६८।१०।६ मा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा भएको आदेशसँग सहमत हुन सकिएन । प्रतिवादी विश्व तामाङको साथबाट चोरीको मोटरसाइकल बरामद भएको अवस्था हुँदाहुँदै निजलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सुरू अभियोग माग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।३।१५ मा प्रतिवादी विश्व तामाङले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-CR-१००५, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. सूर्यबहादुर तामाङसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१४०, ०१४२, *कर्तव्य ज्यान*, भूपेन्द्रबहादुर सिंह वि. *नेपाल सरकार, भैरवबहादुर सिंह वि. नेपाल सरकार*

मिसिल संलग्न आधार, प्रमाणहरू किटानी जाहेरी दरखास्त तथा घटनास्थल प्रकृति मुचुल्का, मौकामा बुझिएका मानिसहरूको कागज तथा अदालतमा आई गरेको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन, प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतका आधारमा यी प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) बमोजिम कसुर अपराध गरेकोमा ऐ. १३(३) नं. अनुसार सजाय गर्ने गरेको बझाङ जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखिँदा अभियोग माग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेतको प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिने।

प्रतिवादीहरूको उमेर, घटनाको प्रकृति प्रतिवादीहरूले अनुसन्धानमा पुर्‍याएको सहयोग र साबिती, वारदातको अवस्था र परिस्थितिसमेत विचार गर्दा प्रतिवादीहरूलाई ऐनबमोजिम सजाय गर्दा चर्को हुने तथा वर्ष ७ (सात) कैद गर्दा पनि न्यायको उद्देश्य पुरा हुने देखिँदा निजहरूलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम जनही ७(सात) वर्ष कैद सजाय हुने गरी राय व्यक्त गरेको पुनरावेदन अदालत, दिपायलको फैसला न्यायोचित नै देखिँदा प्रतिवादीहरूलाई जनही ७ वर्ष कैद सजाय गर्ने गरी पुनरावेदन अदालतबाट व्यक्त रायसमेत सदर हुने ।

इजलास अधिकृतः तारा दत्त बडु

इति संवत् २०७२ साल असोज २४ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१३७२, लेनदेन, *तिलप्रसाद तिवारी वि. कृष्णबहादुर राजभण्डारी*

पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने सम्बन्धमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा भएको कानूनी व्यवस्था हेर्दा पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पुरै उल्टी भएको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नसक्ने व्यवस्था भएकोमा प्रस्तुत मुद्दामा सुरूले वादी दाबीको लिखतबमोजिमको साँवा र ब्याज वादीले यी प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याएको सुरूको फैसला पुनरावेदन अदालतबाट समेत सदर हुने ठहरिएको अवस्थामा सुरू अदालतबाट जालसाजीतर्फ ठहर खण्डमा केही नबोली तपसिल खण्डमा प्रतिवादीलाई रू.७,०७५।- जरिवाना गर्ने गरेको हदसम्म मात्र सुरूको फैसला केही उल्टी गरी प्रतिवादीलाई जरिवाना नहुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई प्रस्तुत मुद्दाको मूल दाबीको सम्बन्धमा केही उल्टी भएको भन्न मिल्दैन । यी प्रतिवादीले सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भए न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी यस अदालतमा निवेदन दर्ता गर्न पाउने कानूनी उपचारको बाटो रहेको स्थितिमा कानूनबमोजिम पुनरावेदन नै दर्ता हुन नसक्नेमा पुनरावेदन दर्ता गराएको देखिएकोले प्रस्तुत पुनरावेदन पत्रले कानूनी मान्यता प्राप्त गर्न सक्ने अवस्था नदेखिने हुँदा मुद्दामा यस अदालतमा प्रतिवादीको पुनरावेदन दर्ता नै हुन नसक्नेमा पुनरावेदन दर्ता भए पनि अ.बं.१८० नं. ले प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-०१५५, कुटपिट, *मनिकलाल*

*यादव वि. सिकिन्द्र यादवसमेत*

कैदको सजाय हुने गरी फैसला भएकोमा कैदै गर्नु पर्छ भन्ने मुलुकी ऐन, दण्ड सजायको ११ नं को कानूनी व्यवस्था भए तापनि सोही महलको ११क नं. मा तिन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसुर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसुरदार ठहरी अड्डाको कैदमा राख्न मनासिब नठहराएमा एक दिनको पच्चिस रूपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसुरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ। सोबमोजिम कसुरदारले रूपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरिदिनु पर्छ भन्ने कानूनी व्यवस्था रहेकोले अदालतले त्यसरी कैदबापत रूपैयाँ लिई छोडिदिन सक्ने नै देखिने । उक्त कानूनी व्यवस्थाअनुसार पुनरावेदन अदालतले सो कैद सजायलाई नगदमा परिणत गरेको र प्रतिवादीहरूले सोबापतको रकम धरौटीमा राखी बुझाई सजाय भुक्तान गरी सकेको पनि देखिन्छ । अत: प्रतिवादीहरूले पहिलो पटकभन्दा बढी कसुर गरेको भन्ने नदेखिएको र ६ महिनाको मात्र कैदको सजाय भएको अवस्था भै सुरूले ६ महिना कैद र रू. २०००।- जरिवाना हुने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गरी सुरूले गरेको कैदबापतसमेत रकम लिने गरी गरेको पुनरावेदन अदालतको मिति २०६६।९।२० फैसला मिलेकै देखिँदा सदर हुने।

कैदको सजायलाई रकममा परिणत गर्न पाउने हो होइन र यसरी कैदलाई रकममा परिणत गर्दा कस्तो कार्यविधि अवलम्बन गर्नुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा वर्तमान नेपाल कानूनले गरेको दण्ड निर्धारणसम्बन्धी कानूनी व्यवस्था (Penology) दण्डका सिद्धान्तसमेतलाई दृष्टिगत गरी निर्णयमा पुग्न वाञ्छनीय देखिने।

फौजदारी कानूनले कसुरको प्रकृति र कसुरदारको प्रवृत्तिअनुसार दण्ड निर्धारणका विभिन्न सिद्धान्तहरूको अवलम्बन गरेको हुन्छ । वर्तमान नेपाल कानूनले पनि दण्डका विभिन्न सिद्धान्तहरूलाई आत्मसात् गर्दै दण्डको सुधारात्मक सिद्धान्त (Reformative theory) लाई पनि आत्मसात गरेको पाइन्छ । त्यसै मध्येको एउटा कानूनी व्यवस्थाको रूपमा मुलुकी ऐन दण्ड सजायको ११(क) को व्यवस्था रहेको छ । कैदको सजाय हुने भए पनि केही खास प्रकृतिको अपराधमा कसुरदारलाई कैद सजाय नतोकी कैदबापत सो कैदको सजायलाई नगदमा परिणत गरी कैद हुनबाट उन्मुक्ति प्रदान गर्दै कसुरदारको चरित्र र प्रवृत्तिमा सुधार गर्ने यो कानूनी व्यवस्थाको उद्देश्य रहेको पाइने।

कसुरदारले गरेको कसुरबापत कानूनबमोजिम कैदको सजाय गर्नुपर्ने भए पनि कैदको सजायसम्म उल्लेख गरी कुनै निश्चित अवधिभित्र कसुरदारले आफ्नो आचरणमा सुधार ल्याएमा त्यस्तो कैदको सजाय नगर्ने र कुनै खास अवधिसम्म उसलाई निगरानीमा राखी उसको आचरणमा सुधार आए नआएको अनुगमन गरी सुधार आएमा कैदको सजाय नगरी समाजमा पुनस्थापन गराउने प्रणाली (Parole system) को अभ्यास धेरै पहिलेदेखि नै विश्वका केही मुलुकले अवलम्बन गरी आएका छन् । सुरूमा बाल दुराचारमा प्रयोग र परीक्षण गरिएको यो व्यवस्था हाल आएर केही खास अपराधमा पनि लागू गरिएको र त्यसको सफलतालाई अनुभूत गरिएको पाइने।

मुलुकी ऐन, दण्ड सजायको महलमा गरिएको कानूनी व्यवस्था दण्ड निर्धारण तथा नेपालको दण्ड प्रणालीलाई व्यवस्था गर्ने सम्बन्धमा बनेको सामान्य कानूनी व्यवस्थाको रूपमा रहेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीलाई प्रतिवादीको माग तथा जिकिर विना नै अदालतले प्रतिवादीलाई लागेको कैद सजायलाई रकममा परिणत गरी कैदबापत रकम लिई कैदको उन्मुक्ति प्रदान गर्न मिल्ने हो होइन भन्ने सम्बन्धमा उक्त दण्डसजायको महलको ११ नं. र ११क ले गरेको कानूनी व्यवस्थालाई समेत साथै राखी दृष्टिगत गर्न

वाञ्छनीय देखिने।

३ वर्ष वा सोभन्दा कम कैदको सजाय हुने अपराधमा अदालतले यस्तो सुविधा प्रदान गर्न सक्छ । यसरी सजाय निधारण गर्दा कसुरदारलाई अब फेरि त्यस किसिमको कसुर अपराध नगर्ने र राम्रो आचरण पालन गर्ने छु भनी कागज गराउनु पर्ने अनिवार्य व्यवस्था गरेको एकातर्फ देखिन्छ भने अर्कोतर्फ "कैदबापतको रूपैयाँ बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसुरदारसँग फेरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्ने छु भनी कागज गराउनेछ" भन्ने उल्लिखित कानूनी व्यवस्थाको बनोट र अभिव्यक्तिलाई विचार गर्दा यस्तो कागज अदालतले फैसला हुँदा कै अवस्थामा गराउनु पर्ने अनिवार्य देखिन्छ। यो कानूनी व्यवस्थाको उद्देश्य भनेकै कसुरदारलाई सजाय दिलाउनेभन्दा उसको आचरणमा सुधार गराई समाजमा पुनस्थापित गराउने रहेकोले अदालतले उपयुक्त ठानेको कसुरदारलाई यस्तो सुविधा प्रदान गर्न सक्ने।

यो कानूनी व्यवस्थाको प्रयोग मुद्दा हेर्ने न्यायाधीश वा अधिकारीबाहेक अन्य कसैले गर्न मिल्ने देखिदैन। मुद्दा हेर्ने न्यायाधीश वा अधिकारीको रोहबरमा कागज नगराई फैसलामा कैदबापत रकम दिए लिनु भनी उल्लेख मात्र गर्दा यो कानूनको प्रयोगको अधिकार प्रत्यायोजन हुन पुग्छ । तर यो अधिकार प्रत्यायोजन हुने गरी प्रयोग गर्न मिल्ने देखिँदैन । यो न्यायिक मनबाट न्यायको रोहमा विचार गरिने विषय वस्तु हो न कि फैसला कार्यान्वयनको चरणमा । उल्लिखित द.स.को ११क(३) मा "कैदबापतको रूपैयाँ बुझाउन पाउने गरी फैसला गर्दा अड्डाले कसुरदारसँग फेरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो आचरण पालन गर्नेछु भनी कागज गराउने छ" भन्ने उल्लेख भएको देखिन्छ। तर पुनरावेदन अदालतबाट भएको प्रस्तुत मुद्दाको मिति २०६६।९।२० को फैसलामा त्यस प्रकारको कागज गराएको र प्रतिवादीहरूले पनि राम्रो आचरण पालन गर्छु भन्ने अभिव्यक्त गरेको भन्ने नदेखिँदा दण्ड सजायको ११क को उद्देश्यमूलक प्रयोग भएको देखिएन। तसर्थ अब आइन्दा दण्ड सजायको ११क को प्रयोग गर्दा देहायको कार्यविधि अवलम्बन गरी प्रयोग गर्न प्रस्तुत मुद्दा फैसला गर्ने अदालत र यस अदालत मातहतका अदालत तथा न्यायिक निकायलाई निर्देश गरिएको छ।

उपर्युक्त कानूनबमोजिम कुनै पक्षलाई सुविधा दिँदा न्यायाधीशको रोहबरमा राय किताबमा नै निर्णयाधार उल्लेख गरी दिनुपर्ने।

उक्त कानूनको सुविधा लिन चाहने पक्षले आफैँ इजलासमा उपस्थित भै फैसलालाई स्वीकार गरी आफ्नो अभिव्यक्ति वा निवेदन इजलाससमक्ष पेस गर्नु प्रस्तुत गर्नुपर्ने।

यसरी कैदबापत रकम बुझाउने सुविधा प्रदान गर्दा सो सुविधा प्रदान गर्ने आधार कारण उल्लेख गर्नुपर्ने र त्यस्तो निर्णयमा प्रतिवादीको सहमति भए नभएको खुलाउने।

यो कानूनी व्यवस्थाको प्रयोग गर्दा न्यायको रोहमा मुद्दाको सुनुवाई हुँदाकै अवस्थामा न्यायाधीश वा मुद्दा हेर्ने अधिकारीबाटै गर्नुपर्ने।

साधारणत: प्रतिवादीको निवेदन वा फैसलाको ठहरलाई स्वीकार नगरी उक्त कानूनको प्रयोग गरी कैद सजाय माफी गर्ने कार्य नगर्नु नगराउनू।

इजलास अधिकृत : उमानाथ गौतम

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७२ साल जेठ २५ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१२४, कर्तव्य ज्यान, *प्रमिता वि.क. वि. नेपाल सरकार*

प्रतिवादी प्रमिला वि.क.ले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई बयान गर्दा मृतक पुस्तकला वि.क.लाई आफू एक्लैले

कर्तव्य गरी मारेको भनी गरेको साबिती बयान मिसिल संलग्न रहेको घटनास्थल प्रकृति मुचुल्का, लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको मौकाको कागज र अदालतसमक्ष गरेको बकपत्रसमेतका प्रमाण कागजबाट खम्बिर भएको अवस्था देखिँदा मृतक पुस्तकला वि.क.लाई यी प्रतिवादी प्रमिता वि.क.ले टाउकोमा हलोले हानी कर्तव्य गरी मारी सिम्लेको भिरमा फालेको पुष्टि हुन आएकोले मेरो मौका तथा अदालतसमक्षको साबिती बयानका आधारमा मात्र मलाई सर्वश्वसहित जन्मकैदको सजाय गर्ने ठहराएको सुरू तथा पुनरावेदनको फैसला त्रुटिपूर्ण छ भन्ने समेतको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था मिसिल प्रमाणको रोहबाट देखिँदैन । यी पुनरावेदिका प्रतिवादी प्रमिता वि.क. बाहेक अन्य व्यक्तिको उक्त वारदातमा संलग्नता रहेको भन्ने तथ्य मिसिल प्रमाणबाट खुल्न नआएको र प्रतिवादीले उक्त वारदात घटाउनमा आफूबाहेक अन्य व्यक्ति पनि संलग्न थिए भनी भन्न लेखाउन सकेको पनि नदेखिएको हुँदा म नौ महिनाकी गर्भवती महिलाले मृतक लासलाई बोकी फाल्न सक्ने क्षमता नै हुँदैन भन्ने पुनरावेदन जिकिरलाई विश्वसनीय मान्न सकिएन। यी पुनरावेदिका प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू तथा पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी प्रमिता वि.क.लाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गरी साधक जाहेर गर्ने गरी सुरू म्याग्दी जिल्ला अदालतले मिति २०६७।१२।२३ मा गरेको साधक जाहेरी फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बाग्लुङको मिति २०६८।९।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : तारादत्त बडू
कम्प्युटर : विदुषी रायमाझी
इति संवत् २०७२ साल असोज २४ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०२२९, कर्तव्य ज्यान, *जग्गे भन्ने जगतबहादुर भण्डारी वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनमा मृतकको उचाई ४ फिट उल्लेख भएको छ । प्रतिवादीको उमेर १६ वर्षभन्दा कम देखिन आई मृतकभन्दा प्रतिवादी कान्छो देखिन आए पनि प्रतिवादीको उचाई ५'४" देखिएबाट जीउडालको हिसाबले मृतकभन्दा प्रतिवादी नै बलियो र अग्लो देखिन आएकाले आफूभन्दा मृतक जेठी र हट्टाकट्टा रहेकी भन्ने प्रतिवादीको जिकिर भ्रामक देखिने।

प्रतिवादीले मौकाको बयानमा आत्मरक्षाको जिकिर लिन सकेको देखिँदैन । मौकाको बयान हुँदा प्रमाण ऐन, २०३१ को दफा ९(२) को (क)(१) बमोजिम प्रतिवादी सचेत अवस्थामा नरहेको, (२) निजलाई बाध्य पारिएको समेतको कार्य गरी इच्छा विरूद्ध साबिती बयान गर्ने स्थितिमा पारिएको, (३) निजलाई धम्की वा विश्वास पर्ने आश्वासन दिएको परिणामस्वरूप निज साबित भएको समेतको अवस्था विद्यमान रहेको कुरालाई प्रतिवादीले सिद्ध गर्नुपर्ने।

घाँसमा हात रहेकी मृतकले आफूभन्दा बलिया र अग्ला यी प्रतिवादीको ज्यान लिने गरी हँसियाले हान्न खोजेकी भन्ने कुरा प्रमाणित गर्दैन । प्रतिवादीको शरीरमा कुनै घाखत रहेको छैन । कदाचित मृतकले हान्न खोजेकी भए पनि प्रतिवादीले मृतकलाई सजिलै नियन्त्रणमा लिन सक्ने वा हार गुहार गरी अरूको

सहयोग माग्न सक्ने वा भाग्न उम्कन सक्ने अवस्था नरहे नभएको अवस्था पनि देखिँदैन । अतः प्रस्तुत वारदातमा प्रतिवादीले जिकिर लिएअनुरूप मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ७(१) नं. बमोजिम मृतकले प्रतिवादीको ज्यान लिनासम्मको जोरजुलुम गरेको कुरा नै प्रमाणित हुन सकेको नदेखिने ।

प्रतिवादीले एकातिर आत्मरक्षाको जिकिर लिएको देखिन्छ भने अर्कोतिर अ.बं. १८८ नं. बमोजिम घटी सजाय पाउनु पर्ने जिकिर पनि लिएको देखिन्छ । आत्मरक्षाको जिकिर पुगेको खण्डमा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने अवस्था रहन्छ । अ.बं. १८८ नं को राय भनेको ज्यानसम्बन्धीको महलको १३ नं को कसुरदार ठहरिएकालाई कसुर गर्दाको परिस्थितिको विचार गरेर घटी सजाय गर्ने कानून हो । अ.बं. १८८ नं. को माग गर्नु भनेको आफूबाट उक्त १३ नं. को कसुर भएको हो भन्ने प्रतिवादीको स्वीकारोक्ति भएको मानिने ।

आत्मरक्षाको जिकिर प्रमाणित गर्ने भार सो जिकिर लिने प्रतिवादीमा रहन्छ । तर निजले अदालतमा बयान गर्दा आफ्नो कुनै सबुद प्रमाण नरहेको भनी उल्लेख गरेको अवस्था भएको देखिने ।

यिनै सब कारणहरूले ज्यानसम्बन्धीको ७ नं. को आत्मरक्षाको प्रतिरक्षा पुनरावेदक प्रतिवादीको हकमा आकर्षित गर्न मिल्ने नदेखिने ।

सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी जग्गे भन्ने जगतबहादुर भण्डारीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुर गरेको ठहराई वारदात हुँदाको अवस्थामा प्रतिवादी १६ वर्षभन्दा कम उमेरका भएकाले प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम १० दस वर्ष कैद सजाय हुने र सोही ऐनको दफा १५ बमोजिम प्रतिवादीलाई बाल सुधार गृहमा पठाउने ठहर्‍याएकोसमेतको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।९।२५ को फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं को राय लगाउनु पर्ने हो कि भन्ने हकमा उक्त अ.बं. १८८ नं. सर्वस्वसहित जन्मकैद वा जन्मकैद भएका प्रतिवादीको हकमा मात्र आकर्षित हुने कानूनको रूपमा निर्माण भएको देखिन्छ । यी प्रतिवादीलाई १३(१) नं. को कसुरदार कायम गरे पनि बालबालिकासम्बन्धी ऐन, २०४८ ले नै किन नहोस् जम्मा १० वर्ष कैद भएको अवस्था छ । त्यस अतिरिक्त मृतकको मृत्युको लागि कुनै न कुनैरूपमा मृतक दोषी रहेको देखिनु र प्रतिवादीले गरेको वारदातप्रति समाजले प्रतिवादीप्रति पनि थोरै भए पनि सहानुभूति देखाउनु पर्ने कुरा मिसिलबाट स्पष्ट हुनुपर्छ । मृतकले घर धानेकी र मृतकको मृत्युबाट प्रतिवादीका अन्धा बाबु दाने भण्डारी टुहुरा जस्तै भएको कुरा मिसिलमा भएको निजको कागज र बकपत्रबाट खुल्दछ । मृतकको पति भद्र भण्डारी पनि अकारण आफ्नी पत्नीको ज्यान लिने प्रतिवादीप्रति आक्रोशित छन् । मृतकको पति घरमा नरहेका एक्ली असहाय भाउजूलाई उन्मादी भएर निहुँ खोजी नृशंस तवरबाट धेरै ठाउँमा काटी मारी हत्या गर्ने यी प्रतिवादीलाई उक्त १८८ नं लाग्ने अवस्था नहुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०२८७, जबरजस्ती करणी, *ईश्वरीप्रसाद पन्थी उपाध्याय वि. नेपाल सरकार*

आमालाई जानकारी नदिई २ वर्ष ९ महिनाकी बालिकालाई आमासँग छुटाई भित्रबाट कोठा बन्द गरी खाटमा राखेको, ढोका खोल्न भनेको धेरै विलम्ब गरी प्रतिवादीले ढोका खोलेको र बालिकाले आफ्नो आमा आदिलाई वारदातबारे भनेको कुरा बालिकाको शारीरिक परीक्षणसमेतबाट प्रमाणित भएको अवस्थामा प्रतिवादीले बालिकालाई शुद्ध उद्देश्यले लगी सुताएको र अरू कारणबाट बालिकाको योनिजाली च्यातिएको

बालिकाको योनिमा रगत र रौं रहेको र योनि निलो भएको भन्ने सम्बन्धमा सन्तोषजनक कारण दिई कसुरबाट उन्मुक्ति लिन सक्नु पर्नेमा प्रतिवादीले तत्सम्बन्धमा कुनै सन्तोषजनक व्यहोरा दिन सकेको नदेखिने।

बच्ची नरोएकी, बच्चीको कागज र बकपत्र गराउँदा भाषा विशेषज्ञलाई रोहवरमा नराखेको, पीडितको भिडिओ एक्सरे नगरी मैग्निफाइङ ग्लासले हेरेको आधारमा जबरजस्ती करणीको यकिन नहुने, केन्द्रीय प्रहरी फरेन्सिक विज्ञान प्रयोगशालाले २०६७।४।२६ मा दिएको प्रतिवेदनबाट योनिको रौं र प्रतिवादीको रौंलाई मानिसको रौंसम्म भनिए पनि फेला परेको रौं प्रतिवादीको लिङ्गको रौंसँग भिड्ने नभनिएको, फेला परेको कट्टु आदिमा प्रतिवादीको वीर्य रहेको यकिन नभएको जस्ता प्रतिवादीको तर्क निजको सफाइको आधार बन्न नसक्ने।

पीडित एउटैको भनाइले जबरजस्ती करणीको कसुर प्रमाणित हुने भनी यस अदालतले जबरजस्ती करणी मुद्दामा प्रमाणको भारका सम्बन्धमा बनाएको सिद्धान्त कयौं मुद्दामा कायम भएको छ। यही मापदण्ड भारत आदि देशमा पनि स्वीकृत छ। आखिर कुन रिसइवीले गर्दा पीडित र निजकी आमाले प्रतिवादी विरूद्ध आजीवन बदनाम हुने किसिमले झुट्टा दोषारोपण गर्नु पर्‍यो यो पनि त स्पष्ट हुनुपर्छ। तर यस मुद्दामा स्वयम् प्रतिवादीको मौका र अदालतको बकपत्र प्रतिवादीलाई कसुरबाट सफाई दिन बाधक देखिन्छन्। मामला शङ्कास्पद रहेको भए उल्लिखित वीर्य र रौं प्रतिवादीको भएको कुरा यकिन नभएको, मगर भाषा बुझ्ने भाषाविद् नराखिएको, एक्सरे भिडिओ नगरिएको, प्रतिवादीको उमेरको व्यक्तिले जबरजस्ती करणी गर्दा देखिने लक्षण नदेखिएको र पीडितले रोईकराई नगरेकी जस्ता कुराको पनि विचार हुन्थ्यो तर प्रतिवादीको साबितीलगायतका माथि उल्लिखित प्रमाणले प्रतिवादीको कसुरलाई शङ्कारहित तवरबाट प्रमाणित गरेकाले यसमा धेरै अलमल गर्नु उपयुक्त नहुने।

प्रतिवादीले पीडितको योनिमा आफ्नो लिङ्ग प्रवेश गर्न लाग्दा लिङ्ग केही पसेको परिणामले गर्दा नै बच्चीको योनि झिल्ली च्यातिएको समेतको लक्षण देखिएकोमा शङ्का गर्ने ठाउँ छैन। यी प्रतिवादी गफ गर्न निक्कै सिपालु रहेको र बच्चीलाई नाना भाँतिका रमाइला कुरा गरेर अल्झाएको सो क्रममा प्रतिवादीले बच्चीको योनी प्रशस्त थुक हाली दलेको कारणबाट बच्चीको योनिमार्गमा प्रतिवादीको लिङ्ग थोरै मात्र पस्दासमेत बच्ची नरोएकी सम्भावना पनि छ। कसको शरीरमा के गर्दा कस्तो प्रतिक्रिया हुन्छ त्यसबारे १०० मा १०० मिल्ने गरी कसैले पनि यसै हुन्छ भनी किटान गर्न सक्तैन। सङ्क्षेपमा आफ्नो लिङ्ग बालिकाको योनिमा केही पसेको भनी प्रतिवादीको स्वीकारोक्ति निजको राजीखुसीको होइन भन्ने अवस्था देखिन नआएको यस मुद्दामा भगवान्को अद्भुत सृष्टिको विचार नगरी यस अदालतले डाक्टरको रायविपरीत जानु उपयुक्त नहुने।

नेपाल सरकार वादी सुरेश परियार प्रतिवादी भएको संवत् ०६५ सालको ०२४२ को जबरजस्ती करणी मुद्दामा लिङ्गको स्पर्शलाई मात्र आधार मानेर जबरजस्ती करणीको अपराध मान्ने हो भने जबरजस्ती करणीको उद्योगको परिभाषा नै लुप्त भै विधायिकी उद्देश्य नै समाप्त हुन जाने भनी सर्वोच्च अदालतबाट नजिर प्रतिपादन भएको भनी प्रतिवादीले उल्लेख गरेको हकमा सो नजिरअनुरूपकै तथ्य प्रस्तुत मुद्दामा रहेको भनी प्रतिवादीले जिकिर लिन सक्नु भएको पाइँदैन। उक्त नजिरमा प्रतिवादी कसुरमा साबित रहे नरहेको र पीडितको शारीरिक परीक्षण यस मुद्दाबमोजिमको रहे नरहेको जस्ता कुरा नहेरी यस मुद्दामा देखिएका प्रमाणविपरीत जान नमिल्ने।

घर्षणसम्म भएकोलाई जबरजस्ती करणी उद्योगसम्म भएको देखिने भनी *ने.का.प.* २०६३ नि.नं. ७७६२, पृष्ठ ११८४ मा प्रकाशित सिद्धान्तप्रतिकूल फैसला भयो भन्ने प्रतिवादी जिकिरको हकमा उक्त

नजिरमा जस्तो यस मुद्दाकी पीडितको शारीरिक परीक्षण प्रतिवेदन रहेको छैन। अपितु यसमा पीडितको योनिजाली च्यातिएको समेतको लक्षणबाट निजको करणी नै भएको कुरा क्लिनिकल फाइन्डिङबाट देखिन्छ भनी डाक्टरहरूको समूहले राय दिई बकपत्रसमेत गरेको पाइन्छ । उल्लिखित नजिरको तथ्य र यस मुद्दाको तथ्यमा समानता रहेको नदेखिँदा उक्त नजिरले प्रतिवादीलाई मद्दत गरेको नदेखिने।

प्रतिवादी ईश्वरीप्रसाद उपाध्यायले २ वर्ष ९ महिनाको पीडित बालिका अनिसालाई जबरजस्ती करणी गरेको पुष्टि भएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३ को देहाय १ नं. बमोजिम १० वर्ष ६ महिना कैद र पीडितले प्रतिवादीबाट सोही महलको १ नं बमोजिम २१,०००।- एक्काइस हजार क्षतिपूर्ति भराई पाउने र अप्राकृतिक मैथुनतर्फ दाबी नपुग्ने ठहर्‍याई सुरू गुल्मी जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।९।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल मङ्सिर २४ गते रोज ५ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०६०६, ०७२६, कर्तव्य ज्यान, *इमानसिंह वली वि. नेपाल सरकार, नेपाल सरकार वि. इमानसिंह वली*

मिसिल अध्ययन गरी हेर्दा मिति २०६७।१२।२३ गते अन्दाजी १८.३० बजेको समयमा प्रतिवादी इमानसिंह वली मृतक कुमार बुढाको घर छेउमा पटकपटक यताउति डुलिरहेको देखेर मृतकले तपाई को हो किन यसरी हिंडिरहेको हो भनी भन्दा मृतक र प्रतिवादीबिच विवाद बढ्दै जाँदा प्रतिवादीले मृतक कुमार बुढालाई घटनास्थलमा भेटिएको चिरेको बेलउतीको दाउराले पहिला पटक खुट्टामा र पछि पटकपटक टाउकोमा प्रहार गरेको र मरेको भनी थाहा पाएपछि मात्र घटनास्थलबाट दाउरा हातमा लिँदै भागेका हुन् भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त छ, मृतकको शव परीक्षण प्रतिवेदनमा Due to head Injury भनेर लेखेको छ, घटनास्थल प्रकृति मुचुल्काका व्यक्तिहरू कमला बुढा, दिलकुमारी वि.क. ले प्रतिवादीले पटकपटक दाउराले मृतकलाई हानेर मृत्यु भएपछि मात्र भागेर गएका हुन् भनी लेखाएको देखिन्छ, जाहेरवाली नीलकुमारीले अदालतमा बकपत्र गर्दा जाहेरी दरखास्तलाई पुष्ट्याइँ गरी बकपत्र गरेको देखिन्छ भने प्रतिवादीले सुरू जिल्ला अदालतमा बयान गर्दा मृतकलाई मैले मारेको होइन सो वारदातमा मेरो संलग्नता छैन भनी इन्कारी बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष मृतकसँग मेरो पुरानो रिसइवी थिएन, पहिला मृतकले लखेट्दा मलाई हान्दा मैले पनि बेलउतीको दाउराले मृतकलाई हानेको थिएँ। वारदातस्थलमा भेटिएको दाउराले मैले पिटेको हुँ, मैले गल्ती गरेकोले कानूनबमोजिम सजाय भोग्न मन्जुर छु भनी गरेको साबिती बयानलाई निजले अन्य कुनै आधार, कारण र प्रमाणले इन्कारी पुष्ट्याइँ गरेको देखिँदैन भने प्रतिवादीले वारदातको समयमा आफ्नो मानसिक अवस्था ठिक थिएन, कामको प्रकृति र परिमाण थाहा नपाएकोले सो घटना घटेको हो कि भनी व्यक्त गरेको शङ्कालाई पुष्ट्याइँ गर्न वारदात समय अगाडि र पछाडि जिल्ला अस्पताल रेउधा रोल्पा र मध्यपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेत मानसिक रोग स्वास्थ्य शिविर मुकाम रोल्पा र मध्यपश्चिम क्षेत्रीय स्वास्थ्य निर्देशनालय, सुर्खेत मानसिक रोग स्वास्थ्य शिविर मुकाम रोल्पाले परीक्षण गर्दा मानसिक रोगीलाई दिने औषधि दिएको भने तापनि सो जिकिरको पुष्ट्याइँ प्रतिवादीले ठोस प्रमाण प्रस्तुत गरी गराउन सकेको

नपाइएकाले किटानी जाहेरी दरखास्त, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, मौकामा बुझिएका मानिसहरूको सुरू अदालतमा गरेको बकपत्रसमेतका आधार प्रमाणहरूबाट मृतक तथा प्रतिवादी इमानसिंह वलीबिचको सामान्य विवादको कारणले एकआपसमा कुटपिट गर्ने क्रममा तत्काल आवेशमा आएर रिस थाम्न नसक्दा वारदातस्थलमा भेटिएको चिरेको दाउराले प्रतिवादी इमानसिंह वलिले बुढालाई टाउकोमा प्रहार गर्दा निजको मृत्यु भएको देखिएकोले निजको कसुर ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय ३ अन्तर्गत पर्ने नभई सोही महलको १४ नं. अन्तर्गत कसुर हुने देखिएबाट पुनरावेदन अदालत, तुलसीपुर, दाङले वर्ष १० (दश) कैद गर्ने गरी गरेको मिति २०७०।०३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी एवम् नेपाल सरकारको पुनरावेदन पुग्न नसक्ने।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०२८९, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. ध्रुबबहादुर अधिकारीसमेत*

अनुसन्धानकै क्रममा मौकामा तुलाबहादुर बुढाथोकी र गोपीकृष्ण मैनालीले रकम ठगी गर्ने यी प्रतिवादी होइनन् भनी गरेको कागजका साथै गणेश डाँगीसमेतका जाहेरवालाहरूले आफ्नो जाहेरी दरखास्तमा निज प्रतिवादीको नाम उल्लेख नगरेको तथा प्रतिवादी पर्वत कटुवाल, सन्तोष ढकालसमेतले अधिकारप्राप्त अधिकारी र न्यायाधिकरणसमक्ष बयान गर्दा निजलाई पोल गरेकोसमेत नदेखिँदा निज प्रतिवादी ध्रुबबहादुर अधिकारीको हकमा अभियोगदाबी समर्थित हुन सक्ने नदेखिने।

प्रतिवादी अर्जुन कटुवालको हकमा विचार गर्दा यी प्रतिवादीका विरूद्ध पुरक जाहेरी दिने जाहेरवाला बलराम कट्टेल र भावना तिमिल्सिनाले आफ्नो भनाइलाई समर्थन गर्ने गरी बकपत्र गरेको अवस्था नभएको प्रतिवादी पर्वत कटुवाल, सन्तोष ढकाल समेतले आफ्नो बयान गर्ने क्रममा निज अर्जुन कटुवाललाई पोल गरी बयान गरेको नदेखिनुका साथै निज प्रतिवादी आरोपित कसुरमा सुरूदेखि नै पूर्ण इन्कार रहेको र मिसिल संलग्न कागज प्रमाणहरू समेतबाट निज प्रतिवादी अर्जुन कटुवालले विदेश पठाउने भनी जाहेरवालाहरूको रकम बुझिलिएको समेत देखिएन । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी दाबी प्रमाणित गर्ने दायित्व वादीको हो। वादी नेपाल सरकारले आफ्नो अभियोग दाबी पुष्टि गर्नुपर्दछ । तर प्रस्तुत मुद्दामा यी प्रतिवादीउपर कसुर गरेको भनी लेख्ने लेखाउने जाहेरवालाहरू ती आफ्ना साक्षीलाई बकपत्र गराई दाबी खम्बिर गर्न नसकेको अन्य शङ्कारहित सबुद प्रमाणसमेत पेस गर्न नसकेको देखिँदा प्रतिवादीलाई सफाइ दिएको फैसला मिलेकै देखिने।

प्रतिवादी पर्वत कटुवाल, दुर्गाबहादुर कुँवर र सन्तोष ढकाललाई पनि प्रतिवादी ध्रुबबहादुर अधिकारीले लिएको रकमसमेत बिगो कायम गर्नुपर्नेमा नगरेको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको माग दाबीतर्फ विचार गर्दा मिति २०६६।३।१२ को कागजमा नाम उल्लिखित जाहेरवालाहरूले प्रतिवादी ध्रुबबहादुर अधिकारीले जाहेरवालाहरूबाट रकम बुझी लिएको हो भनी गडाउ बकपत्र गर्न नसकी प्रतिवादी दुर्गा कुँवरलाई बुझाएको भनी बकपत्र गरेको र सुरेशकुमार श्रेष्ठसमेतका ३१ जनाले के कति रकम प्रतिवादीहरूलाई बुझाएको

हो ? सोको सक्कल लिखत पेस गरी दाबी प्रमाणित गर्नसमेत नसक्नुका साथै मिसिल संलग्न दरखास्त, भरपाई र भौचर तथा अरू सबुद प्रमाणसमेतको अभावमा उक्त मितिको कागज शङ्कारहित रूपमा स्थापित हुन नसकेकोले ध्रुबबहादुर अधिकारीले लिएको रकमसमेत बिगो कायम गरी हर्जाना भराई पाउँ भन्ने जिकिरसँग सहमत हुन नसकी उपर्युक्त मिसिल संलग्न कागज प्रमाणहरू समेतबाट मिति ०६६।३।१२ को कागजबमोजिमको बिगो रकम नभराई अभियोग दाबीभन्दा कम बिगो कायम गरेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।२।६ मा भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन, सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१६९२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. भुपत पौडेल*

प्रस्तुत मुद्दामा, प्रतिवादी भुपत पौडेल वैदेशिक रोजगार न्यायाधिकरणबाट जारी भएको म्यादमा उपस्थित भएको नदेखिए तापनि निजले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा (स.ज.न. ७ र ८ मा) जाहेरवालालाई नै तपाईँसँग भएको रकमबाट १० (दश) लाख मेरो अंशियारलाई दिनु भनेपछि निजले मलाई सो रकमको ब्याजसमेत लगाएर वैदेशिक रोजगारको व्यहोरा पारी २२,६०,०००।– (बाइस लाख साठी हजार) को कागज गराएका हुन् तर मेरो कारोबार वैदेशिक रोजगारसम्बन्धी होइन मैले निजहरूलाई विश्वास दिलाउनलाई मात्र कागज गरिदिएको हुँ भनी आरोपित कसुरमा इन्कार रहेकोमा जाहेरीसाथ सबुदको रूपमा पेस भएको मिति २०६९।८।४ को लिखत हेर्दा २०६९ मङ्सिर महिनाभरिको भाखा रहेको प्रतिवादी भुपत पौडेल ऋणी र जाहेरवाला हेमबहादुर हमाल धनी भै भुपत पौडेलले तपाइँ साहुबाट आजको मितिमा नगद रू. २२,६०,०००।– (बाइस लाख साठी हजार रूपैयाँ) कर्जा काटी लिएबापत विभिन्न व्यक्तिहरूलाई वैदेशिक रोजगारीको निमित्त अमेरिका पठाउनका लागि कर्जा काटी लिएको ठिक साँचो हो। उक्त भाखाभित्र उल्लिखित रकम तिर्न बुझाउन सकिन र तिर्न बुझाउन आलटाल गरेमा तपाइँ साहुले मेरो घर घराना जायजेथाबाट कानूनबमोजिम साँवा ब्याज असुलउपर गरी लिनु होला भनी यो कपाली तमसुकको कागज लेखी तपाइँलाई दिएँ भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिँदा प्रतिवादी भुपत पौडेलले अनुसन्धान अधिकृतसमक्ष गरेको बयानलाई समर्थन गरिरहेको देखियो। जाहेरवाला हेमबहादुर हमालको जाहेरी दरखास्त र निजको बकपत्रमा आफ्ना मान्छेहरू लोकमणि डाँगी र देवबहादुर डाँगीलाई वैदेशिक रोजगारमा पठाउनको लागि प्रतिवादी भूपत पौडेललाई रू. २२,६०,०००।– मिति २०६९।८।४ को लिखित गराएको हो भने तापनि मिसिल संलग्न प्रमाणहरूबाट वैदेशिक रोजगारमा अमेरिकामा पठाउने उल्लेख भएको कपाली तमसुकको ढाँचा र व्यहोरा भएको उक्त लिखतलाई वैदेशिक रोजगारको लागि नै भए गरेको लिखत हो भनी समर्थन गर्ने अन्य ठोस शङ्कारहित प्रमाणको अभाव रहेको अवस्थामा जाहेरवाला र प्रतिवादीबिच भएको लेनदेन व्यवहारको उक्त लिखतकै आधारमा निज प्रतिवादी भुपत पौडेललाई वैदेशिक रोजगारको कसुर कायम गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा वादीले वैदेशिक रोजगारको कसुरको वारदात स्थापित गरी आफ्नो दाबी शङ्कारहित तवरले प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादी भूपत पौडेलले आरोपित कसुरमा सफाइ पाउने ठहर्‍याएको वैदेशिक

रोजगार न्यायाधिकरणको मिति २०७०।१०।६ को फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०९६१, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. शेरबहादुर वि.क.*

प्रस्तुत मुद्दामा प्रतिवादी शेरबहादुर वि.क.ले को कसलाई कुन मुलुकमा वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएको हो ती पीडित व्यक्तिहरूको नाम र रोजगारमा पठाउने देशको नाम र अभियोगपत्रमा उल्लेख भएबमोजिम वैदेशिक रोजगारमा पठाउने झुट्ठा आश्वासन देखाई रू. १७,७५,०००।– (सत्र लाख पचहत्तर हजार रूपैयाँ) बुझी लिएको लिखत प्रमाणसमेत पेस गर्न सकेको देखिएन । जाहेरवाला पशुपति गुप्ताले आफ्नो जाहेरीमा ४९ वटा पासपोर्ट र रू. १७,७५,०००।– प्रतिवादी शेरबहादुर वि.क.ले बुझी नक्कली भिसा दिएको भने तापनि वैदेशिक रोजगारमा जाने ती व्यक्तिहरूको नाम, पासपोर्ट र जाहेरीमा उल्लिखित नक्कली भिसासमेत सबुदको रूपमा पेस गर्न सकेको देखिएन त्यसैगरी जाहेरीसाथ पेस भएको लिखतहरूमध्ये मिति २०६६।१।११ को फोटोकपी लिखित हेर्दा, प्रतिवादी शेरबहादुर वि.क.ले वैदेशिक रोजगारको लागि रकम बुझेको नदेखिई निर्मल राईले जाहेरीवाला पशुपति गुप्ताबाट रू. २५,०००।– पच्चीस हजार रूपैयाँ बुझेको देखिन्छ भने अर्को लिखत जसमा मिति प्रष्ट नदेखिएको (२०६६।२।...) लिखतको फोटोकपी हेर्दा, ४९ जनाको भिसा झारी दिने सर्तमा ४९ वटा पासपोर्ट र नगद रू.७५,०००।– (अक्षरूपी पचहत्तर हजार रूपैयाँ) पशुपति गुप्ताबाट लिएको रकम र पासपोर्ट ४५ दिनभित्र फिर्ता गर्ने भन्नेसमेत व्यहोरा उल्लेख भएको उक्त लिखतमा जाहेरवाला पशुपति गुप्ता र प्रतिवादी शेरबहादुर वि.क.को सहिछाप समेत देखिन्छ तर सो लिखतमा भएको सहिछाप मेरो होइन भन्ने प्रतिवादी शेरबहादुर वि.क.को इन्कारी रहेको समेत देखियो । विवादित उक्त लिखतको मिति स्पष्ट नभएको प्रतिवादीले सहिछाप मेरो होइन भनी जिकिर लिएको तथा लिखतको सक्कल लिखतसहित जाहेरवालालाई उपस्थित गराउने आदेश भए तापनि वादीले जाहेरवालालाई उपस्थित गराउन र सक्कल लिखतसमेत पेस गर्न नसकेकोले विशेषज्ञबाट परीक्षण गराउनसमेत नसकेको अवस्थामा सो लिखतमा भएको सहिछाप प्रतिवादी शेरबहादुर वि.क.को नै हो भन्न नमिल्ने ।

प्रतिवादी शेरबहादुर वि.क.ले अनुसन्धान अधिकृत तथा न्यायाधिकरणसमक्ष कसुरमा पूर्ण इन्कार रही जाहेरी दरखास्तसाथ पेस भएको मिति २०६६।१।११ र मिति स्पष्ट नदेखिएको मिति २०६६।२।... को लिखतको सक्कल जाहेरवालाले पेस गर्न नसकी विशेषज्ञबाट परीक्षणसमेत गराउन नसकेको अवस्थामा वैदेशिक रोजगारको कसुरजस्तो गम्भीर प्रकृतिको फौजदारी मुद्दामा सबुद प्रमाणको रूपमा पेस भएको लिखत विश्वसनीय नभएको उक्त जाहेरवाला लगायत पीडितहरूलाई वादीले उपस्थित गराई बकपत्र गराउन नसक्नुका साथै विवादित लिखतको सक्कलसमेत पेस गर्न नसकेको र जाहेरी दरखास्त तथा अभियोग दाबीलाई समर्थन गर्ने अन्य कुनै ठोस सबुद प्रमाणसमेत शङ्कारहित तवरले पुष्टि हुन नसकिरहेको अवस्थामा शङ्काको सुविधा निज प्रतिवादीले पाउने नै देखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा प्रतिवादी शेरबहादुर वि.क.लाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादी

दाबी शङ्कारहित तबरले पुष्टि गर्न सकेको नदेखिँदा निज प्रतिवादीले आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याएको मिति २०६९।११।१५ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल असोज १३ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-००३१, ००५४, ००९६, ०१७७,०७२७, कर्तव्य ज्यान र डाँका, *बब्लु वीरेन्द्रकुमार (राज) उपाध्याय वि. नेपाल सरकार, सुरेशकुमार बर्मा वि. नेपाल सरकार, शिवचन्द्र पाण्डे वि. नेपाल सरकार, सत्य विजय चौबे वि. नेपाल सरकार, नेपाल सरकार वि. सुरेशकुमार बर्मासमेत*

प्रतिवादी शिवचन्द्र पाण्डे मृतकलाई मार्ने मतलबमा पसेको भन्ने देखिए पनि घटनास्थल भन्दा ५० मिटर टाढा बसेको भन्ने सहप्रतिवादीको बयानबाट देखिँदा निजले मुख्य भई बचन दिएको वा हातहतियार छाडी मृतकलाई मारेको वा मृतकको जिउमा छोए समाएको भन्ने देखिएन । यस्तो अवस्थामा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नं. को देहाय ३ नं. बमोजिम २ वर्ष ६ महिना कैदको सजाय हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मनासिब देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मृतकलाई गोली हानी प्रतिवादीहरूले मृतकको साथमा रहेको झोला लुटेर लगेका र सो झोलाभित्र ८,५०,०००।– रकम रहेको थियो भन्ने जाहेरी दरखास्त र अभियोग माग दाबीकै भरमा मात्र सो झोलाभित्र रू. ८,५०,०००।– रकम थियो भन्ने पुष्टि हुन सक्दैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा *"फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ"* भनी स्पष्ट कानूनी व्यवस्था रहेको छ । सो व्यवस्थाबमोजिम यी प्रतिवादीहरूको डाँका वारदातमा संलग्नता छ भन्ने कुरालाई शङ्कारहित तवरले पुष्टि गर्ने किसिमका तथ्ययुक्त ठोस एवम् सबुद प्रमाण वादी पक्षले प्रस्तुत गर्न सकेको पाइएन । डाँका भएको भनिएको रकम प्रतिवादीहरूले खाई मासेको वा अरू कसैलाई दिएको भन्ने कुरा पनि पुष्टि हुने कुनै आधार प्रमाण भएको देखिएन । शङ्काको सुविधा अभियुक्तले पाउने हुँदा केवल जाहेरी दरखास्त र अभियोगपत्रको भरमा मात्र प्रतिवादीहरूले डाँकाको कसुर गरेका हुन् भन्न फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने हुँदा प्रतिवादीहरूलाई डाँकाको अभियोगबाट सफाइ दिने ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसलालाई मनासिब ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक वीरेन्द्र कुमार (राज) उपाध्याय भारतको लखनउबाट मिति २०६६।१०।२५ मा पक्राउ परेको देखिन्छ । निजले अदालतसमक्ष बयान गर्दा बुबा बिरामी भएको कारण भारत लखनउमा उपचार गराउन लिएर गएको बखत पक्राउ परेको भनी लेखाए पनि सोअनुसारका कुनै पनि तथ्ययुक्त प्रमाण पेस गर्न सकेको नपाइने ।

पुनरावेदक प्रतिवादी सुरेशकुमार बर्माले आफैंले हत्या नगरी ज्यान मार्ने षड्यन्त्र गरी योजना बनाई नियोजित तवरबाट प्रतिवादी वीरेन्द्रकुमार उपाध्याय र सत्यविजय चौवेलाई अह्राई मृतकको हत्या गरेको भन्ने देखिँदा निज प्रतिवादी सुरेशकुमार बर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम सजाय हुने ।

सहप्रतिवादी सुरेशकुमार बर्मासँग पहिले

चिनजान थिएन भनी यी पुनरावेदक शिवचन्द्र पाण्डेले अदालतमा बयान गर्दा लेखाएको देखिन्छ । पहिले चिनजान नै नभएको र कुनै रिसइवीसमेत नभएको व्यक्तिले सो घटनामा निजको संलग्नता नभएको भए निजलाई पोल गर्ने थिएनन् । तसर्थ यी पुनरावेदकको मृतकलाई मार्ने कार्यमा रहेको सहभागिताको आधारमा निजलाई दुई वर्ष छ महिना कैद हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला बदर गरी सफाइ पाउँ भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सहप्रतिवादी सुरेशकुमार बर्माले योजना बनाई निजले तोकिदिएको भूमिकाअनुसार यी पुनरावेदक प्रतिवादी सत्यविजय चौवेसमेत भई मृतक रामनिवास तिवारीलाई गोली हानी हत्या गरी भागी भारत लखनउमा गएको भन्ने देखिन आएकाले निज सत्यविजय चौवेलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला बदर गरिपाउँ भन्ने यी पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी सुरेशकुमार बर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम १५ वर्ष कैदको सजाय हुने, प्रतिवादी वीरेन्द्रकुमार (राज) उपाध्याय र सत्यविजय चौवेलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र डाँकातर्फको अभियोग दाबी पुग्न नसक्ने भनी डाँकाको अभियोगबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको मिति २०६९।१।३१ को फैसलालाई सदर गरी तथा प्रतिवादी प्युस भन्ने शिवचन्द्र पाण्डेको हकमा सुरू फैसला केही उल्टी गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७ नम्बरको देहाय ३ बमोजिम २ वर्ष ६ महिना कैदको सजाय हुने ठहर गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।११।१३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको तथा प्रतिवादीहरू सुरेशकुमार बर्मा, सत्यविजय चौवे, वीरेन्द्रकुमार (राज) उपाध्याय तथा शिवचन्द्र पाण्डेको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल पुस ३० गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०२७९, ०१०५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यामबहादुर कामीसमेत, नेपाल सरकार वि. दलबहादुर कामी*

प्रतिवादीहरूले मृतकलाई मार्न संयोग पारिदिएको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि नभएको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सिद्धान्त यी प्रतिवादीहरूको हकमा आकर्षित हुने नै देखिँदा प्रतिवादीहरू यामबहादुर कामी, गामबहादुर कामी र कुमारसिंह कामीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीले मृतकलाई लक्ष्य गरी मुङ्ग्रो प्रहार गरेको नभए पनि मृतकका छोरा राजिनलाई ठिक पार्ने मनसाय लिई कम्मरमा छुरी बाँधी हातमा मुङ्ग्रो लिई गएको र राजिनलाई हान्ने मनसायले मुङ्ग्रो प्रहार गरेकोमा मृतकलाई लाग्न गएको भन्ने निज प्रतिवादीको बयानबाटै खुल्न आएबाट प्रतिवादी दलबहादुरले राजिन वि.क.लाई मार्ने मनसाय लिई वारदात स्थलमा गएकोमा राजिनलाई प्रहार गरेको मुङ्ग्रोले बिचमा छुट्याउन आएका आसबहादुरलाई लागेर मृत्यु हुन गएकोसम्म देखिन्छ । राजिन र दलबहादुरको बिचमा आसबहादुर नआएका भए सो मुङ्ग्रोको प्रहारबाट राजिनको मृत्यु हुने अवस्था देखिएकाले त्यहाँ

प्रतिवादीको आपराधिक मनसाय थिएन भन्न सकिने अवस्था पनि नदेखिने।

एउटालाई लक्षित गरी प्रहार गर्दा अर्को व्यक्तिलाई लाग्न गई मृत्यु हुन्छ भने त्यस्तो अवस्थामा मनसाय तत्त्वको अभाव रहेको भनी व्याख्या गर्न मिल्दैन । त्यस्तोलाई सरेको मनसायबाट भएको आपराधिक कार्य मान्नु पर्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी दलबहादुर कामीले राजिन वि.क.लाई लक्ष्य गरी प्रहार गरेको मुङ्ग्रोले मृतक आसबहादुर कामीलाई लाग्न गई निजको मृत्यु भएको देखिने।

मुङ्ग्रो प्रहार गर्दा मानिसको कुनै पनि संवेदनशील अङ्गमा लाग्न गयो भने त्यसबाट मानिसको मृत्यु हुन सक्छ भन्ने सुझबुझ भएको व्यक्तिले अनुमान गर्नसक्ने कुरा हो । प्रतिवादी दलबहादुर सो कुरातिर विचार गर्नसक्ने अवस्थामा थिएनन् भन्ने कहीँ कतैबाट देखिएन । यस्तो अवस्थामा प्रतिवादी दलबहादुर कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ६(२) नं. अनुसार भवितव्य ठहराई १ वर्ष ३ महिना कैद गर्ने गरी भएको सुरू बागलुङ जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादी दलबहादुर कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी भएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।१२।२१ को फैसला मिलेको देखिने।

दलबहादुर कामी र मृतक आसबहादुर वि.क. एक आपसमा नातेदार रहेको र निजहरूबिच पहिलेदेखि नै रिसइवी रहे भएको भन्ने नदेखिएको, मृतकका छोरा राजिन भन्ने राजेन्द्र वि.क.सँग जग्गाको साँध सम्बन्धलाई लिएर प्रतिवादीको झैझगडा हुँदै आएको र वारदात मिति र समयमा पनि सोही विषयलाई लिएर प्रतिवादी दलबहादुर र राजिनबिच झगडा हुँदा प्रतिवादीले लिई गएको किल्ला ठोक्ने काठको मुङ्ग्रोले राजिनलाई प्रहार गरेकामा निजहरूको झगडा छुट्याउन आएका आसबहादुरलाई लाग्न गई मृतकको मृत्यु भएको भन्ने देखिएको र प्रतिवादीले उक्त घटनालाई नलुकाई अनुसन्धान, अभियोजन तथा अदालतलाई सहयोगसमेत गरेको देखिएको हुँदा निज प्रतिवादीलाई कानूनबमोजिम ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने भई निजलाई १० वर्ष कैद सजाय गर्न मनासिब देखी अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालत, बागलुङबाट व्यक्त भएको राय मुनासिब नै देखिने।

विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू यामबहादुर कामी, गामबहादुर कामी र कुमारसिंह कामीलाई सफाइ दिने गरी भएको सुरूको फैसला सदर गरी प्रतिवादी दलबहादुर कामीलाई सुरू अदालतबाट ज्यानसम्बन्धीको महलको ६(२) नं. बमोजिम १ वर्ष ३ महिना कैद गर्ने गरी भएको फैसला सो हदसम्म केही उल्टी गरी प्रतिवादी दलबहादुर कामीलाई ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई अ.वं. १८८ नं. बमोजिम निज प्रतिवादी दलबहादुर कामीलाई १० वर्ष कैद सजाय गर्ने राय व्यक्त गरी भएको पुनरावेदन अदालत, बागलुङको मिति २०६८।१२।२१ को रायसहितको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

## रायबाझी फैसला

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६५-CI-०१९३, निर्णय पर्चा दर्ता बदर, *महम्मद खलिल मियाँ वि. आसमा बेगम*

**मा.न्या.श्री गोपाल पराजुलीको राय :**

२०१६ सालको जिमिदारको चलन पुर्जीबाट

प्राप्त गरेको जग्गा निज अब्दुल जब्बारले भोग गर्दै आई २०४३ सालमा सोही जग्गा र.नं. ४२२ बाट यी प्रत्यर्थी वादी आसमा बेगमलाई दिएको र २०३१ सालमा र.नं. ३९८ बाट पशुपति आदर्शनगर निर्माण समितिबाट खरिद गरेको जग्गामा २०४२ सालमा नक्सा पाससमेत गरी निरन्तर भोग गर्दै आएको अवस्था एकातर्फ देखिन्छ भने अर्कोतर्फ उल्लिखित मिति २०१६।२।२३ को जिमिदारको चलन पुर्जी, मिति २०३१।६।२१ को राजीनामाको लिखत र र.नं. ४२२ बाट आसमा बेगमले प्राप्त गरेको बकसपत्रको लिखतलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन। साथै उक्त जग्गाहरू नापी नभएकोले अब हुने नापीमा उक्त चलन पुर्जीसमेत देखाई नापी गराई लिनु भनी मालपोत कार्यालयले निर्णय गरिरहेको अवस्था हुँदा उक्त जग्गाहरू वादीका नाममा दर्ता कायम नहुने भन्न मिलेन। कुनै पनि व्यक्तिको जग्गाबाट नाला बगी जान नसक्ने पनि हुँदैन। कुनै जग्गामा नाला खोल्सी भै जग्गा वारिपारि हुनसक्छ। यसो हुँदैमा कुनै व्यक्तिको आवादी जग्गालाई सार्वजनिक नाला या खोल्सी कायम गरी सो आधारमा सम्पूर्ण जग्गा दर्ता नै नहुने भन्न मिल्ने देखिँदैन। यसरी बगेको नालालाई अवरोध नपुग्ने गरी भोग गर्न या सो माथिबाट भौतिक निर्माण हुनसक्ने नै देखिन्छ। अतः वादी दाबीका कि.नं. ४० र ३८ को जग्गामध्ये कि.नं.३८ आसमा बेगमले बकसपत्रबाट प्राप्त गरी भोग आवाद गरिरहेको र कि.नं ४० मा नापीपूर्व नै नालाको निकासलाई अवरोध नगरी नालामाथि घर बनाई भोग गरिरहेको अवस्थामा घरमुनिबाट नाला बगेको कैफियत जनाई यी वादीका पतिको नाममा जग्गा दर्ता कायम हुनसक्ने नै देखियो। तसर्थ कि.नं. ४० को जग्गा वादी आसमा बेगमका पतिले पशुपति आदर्शनगर निर्माण समितिबाट र.नं.३९८ बाट खरिद गरेको देखिएको र कि.नं. ३८ निजै अब्दुल जब्बारले र.नं. ४२२ बाट बकसपत्र गरी वादी आसमा बेगमलाई दिई निज अब्दुल जब्बारको मृत्युपश्चात् यी दुवै जग्गा मिति २०४६।१२।६ को अञ्चल अदालतको फैसलाले वादी आसमा बेगमको ठहऱ्याएको देखिएकोले सो कि.नं. ४० को घर मुनिबाट नाला जनाई कि.नं. ३८ र कि.नं. ४० को जग्गा वादी दाबीबमोजिम दर्ता गरिदिने गरी सुरू निर्णय उल्टी गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखिँदा यस अदालतबाट विपक्षी झिकाउने गरी भएको मिति २०६७।८।२६ को आदेशमा लिएका आधारहरू र माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायले पुनरावेदन अदालतको फैसला केही उल्टी हुने ठहऱ्याएको रायसित सहमत हुन सकिएन। संयुक्त इजलासको लगत कट्टा गरी प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्ने।

**माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय :**

विवादित २०४३।५।१६ को लिखतको जग्गामा वादीको भोगचलन नै देखिए पनि हक पुग्ने स्थिति छैन। तथापि उक्त जग्गामा वादीको निर्बाध भोगचलन रहेको कुरा प्रमाणद्वारा प्रमाणित छैन। वादी आसमा बेगम तथा प्रतिवादी अनवर मियाँसमेत भएको खिचोला मेटाई चलन चलाई पाउँ भन्ने मुद्दामा भै आएको नक्साको न.नं. १ वादी आसमा बेगमको जग्गा भनी र नक्सा नं. ५ विवादको जग्गा भनी वादीले देखाएको जग्गा खाली जग्गा देखिन्छ। त्यसमा वादीको मात्र एकलौटी पहुँच रहेको अवस्था नभै सबैले जानआउन मिल्ने र भोग गर्ने गरी खाली जग्गा देखिन्छ। वादी आसमा बेगम र प्रतिवादी अनवर मिया भएको मुद्दाको न.नं. १ को खाली जग्गा नै वादी आसमा बेगम र प्रतिवादी आफताब मियाँ भएको जग्गा खिचोला चलन मुद्दाको न.नं. ६ र ८ को जग्गा देखिन आएको सो न.नं. ६ र ८ को पनि त्यै अवस्था देखिने।

नाला छेउछाउको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्नु खतरापूर्ण पनि हुन्छ। जो दर्ता

भैसक्यो त्यसको दर्ता बदर गर्नका लागि जग्गा (नाप जाँच) ऐन, २०१९, मुलुकी ऐन, जग्गा आवाद गर्नेको महल र मालपोत ऐन, २०३४ बमोजिम नेपाल सरकार सक्षम छ । त्यो कुरा आफ्नो ठाउँमा छ । बिनाआधार प्रमाण थप जग्गा दर्ता गर्न झनै मिल्दैन । नालाको विस्तार र संरक्षण गर्नको लागि ती जग्गाहरू नेपाल सरकारको र समाजको निर्बाध स्वामित्व र नियन्त्रणमा रहनु आवश्यक हुन्छ । दाबीको जग्गासमेतमा रहेको नाला वादीको पिता पुर्खाले बनाएको अवस्था छैन । न त सो नाला वादीले दाबी गरेको जग्गामा मात्र सीमित छ । व्यवस्थित सहरका लागि आवश्यक पर्ने हिसाबले पुरै टोल र सहरको निकासका लागि बनेको नाला सार्वजनिक ठहर्ने तर सो नालामाथि र सो नाला अतिक्रमण गरी बनाइएको घर व्यक्ति विशेषको कायम हुने परिणाम आउनु परस्पर विरोधी हुन्छ। यो न्यायोचित र कानूनसम्मत त हुँदैन नै यसबाट निरन्तरको द्वन्द्व र सङ्घर्ष बाहेक अरू उपलब्धि केही हुँदैन । यसरी साबिकदेखि सर्भे नापीमा नापजाँच हुन नसकेको, मालपोत कार्यालयको स्रेस्ता वा लगतमा नदरिएको र २०१६ सालको जिम्दारी चलन पुर्जी पनि काल्पनिक देखिएको समेतका प्रमाणबाट यो विवादित जग्गा वादीको ठहर गर्न मिल्ने देखिने।

२०३१।६।२१ को राजीनामा र पछिबाट नक्सा पास गरी बनाएको नालासमेत माथि बनेको घरको सम्बन्धमा विचार गर्दा पशुपति आदर्शनगर निर्माण समितिलाई व्यवस्थित नगर निर्माण गर्नका लागि जग्गा बिक्री गर्ने समेतको अधिकार भै सोबमोजिम राजीनामा भएको र यस्ता लिखतहरूले मान्यता पाई व्यवहार चलन हुँदै आएकोले सो समितिले वादीका पतिलाई गरेको मिति २०३१।६।२१ को राजीनामालाई सम्म मान्यता दिने गरी यस अदालतको संयुक्त इजलासले विपक्षी झिकाएको न्यायसम्मत नै देखिन्छ । तथापि अन्डरग्राउन्ड नालामाथिको जग्गाको स्वामित्व व्यक्तिको नाममा बिना सर्त रहनु मनासिब हुँदैन । जब नालामा वादीको मात्र भोगचलन हुन सक्तैन भने नालामाथिको घर जग्गा कसरी निजको सर्तरहित घर ठहर्ने विचारणीय छ । यसमा वादीले घरको भोगाधिकारसमेत पाउने ठहराउनु पर्नेमा 'सम्म' पाउने ठहऱ्याई वादीको हकलाई सीमित गरेको वीरगञ्ज नापी कार्यालयको निर्णयमा त्रुटि देखिएकै हो। घरमा भोगाधिकारसमेत पाउने भन्ने कुरा उल्लेख गरी वादीलाई दाबीको घरको घरधनी पुर्जा दिन कुनै बाधा छैन । वादीले नै जिकिर लिन नसकेको "सदियौंदेखि वादीको भोग रहेको" जस्ता अप्रमाणित कुरा उल्लेख गरी पर्सा जिल्ला अदालतको फैसला उल्टी गरी २०४३।५।१६ को हालैको बकसपत्रलाई मान्यता दिई सार्वजनिक जग्गामा वादी दाबी पुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६४।७।२७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भै वादीले नक्सा पास गराएको घरको धनीपुर्जीसहित भोगाधिकारसमेत पाउने ठहर्ने हुँदा मा.न्या.श्री गोपाल पराजुलीको रायमा सहमत नभएकोले यो फरक राय व्यक्त गरेको ।

इजलास अधिकृतः उमानाथ गौतम

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल असार २७ गते रोज १ शुभम्।

## रित / बेरित आदेश

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७२-RE-०१०६, ठगी, *सागिर मियाँ गदी वि. नेपाल सरकार*

निवेदक प्रतिवादी आरोपित कसुरमा इन्कार रहेका र तत्काल प्राप्त प्रमाणबाट थुनामा राख्ने मनासिब आधार विद्यमान नदेखिँदा साथै निजलाई पुर्पक्षको लागि तारिखमा राख्दा निज मुद्दा प्रभावित गर्ने अवस्था रहेकोसमेत देखिन नआएबाट निवेदकलाई पुर्पक्षको लागि थुनामा राखेको पर्सा जिल्ला अदालतको मिति २०७२।२।२० को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७२।४।१४

को आदेश बेरितको देखिँदा बदर हुने।

इति संवत् २०७२ साल फागुन ५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-RE-०१४५, बैंकिङ कसुर, *सुशील स्थापित वि. नेपाल सरकार*

निवेदक ऋणीको साँवा ब्याजसमेतको रकम बुझाइसकेको कुरा मिसिल संलग्न च.नं. ४८ मिति २०७२।८।१३ को हिमालयन बैंक लिमिटेडको (कानून विभाग) पत्रबाट देखिन आएकाले निजको हकमा पछि ठहरेबमोजिम हुने गरी हाल थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने भनी त्यस अदालतबाट मिति २०७२।९।६ मा गएको आदेश मिसिल संलग्न तत्काल प्राप्त प्रमाणबाट बेरितको देखिँदा बदर हुने।

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-RE-०११९, अंश दपोट, *दीपकबहादुर बस्नेत वि. तोपबहादुर बस्नेतसमेत*

यसमा कि.नं. २४३ को सट्टा भूलवश फिरादमा कि.नं. ३४३ उल्लेख हुने भएकोले संशोधन गरिपाउँ भन्ने निवेदन जिकिर भएकोमा मिति २०३२।१।२५ मा भूमि प्रशासन कार्यालय, काठमाडौंबाट भएको नामसारी निर्णय हेर्दा नयाँपाटी पञ्चायत वडा नं. २क कि.नं. २४२ निवेदकले दाबी लिएको कि.नं. ३४२ को २-१४-१ समेतका जग्गा तोरणकुमारी बस्नेतको नाममा नामसारी भएको र निवेदकले दाबी लिएको कि.नं. ३४३ र २४३ को जग्गाको क्षेत्रफल एउटै भै फिरादमा कि.नं. ३४३ भनी भूलवश उल्लेख भएको तथ्य स्पष्ट भएको देखियो । सर्वोच्च अदालतको मिति २०६१।२।२७ को फैसलाले कि.नं. ३४३ बाट यी निवेदकले ७ (सात) भागको १ (एक) अंश प्राप्त गरेको हुँदा फैसला कार्यान्वयन गर्ने उद्देश्य र निवेदकले फैसलाबमोजिम प्राप्त अंश हकको वास्तविकरूपमा उपभोग गर्न पाउन भन्ने तथ्यलाई दृष्टिगत गरी मागबमोजिम संशोधन गरिदिनु पर्नेमा सो नगरी पुनरावेदन अदालत, पाटनको मिति २०७२।५।१५ को आदेश बदर हुने।

इति संवत् २०७२ साल फागुन १४ गते रोज ६ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**

**अदालत गतिविधि**

## नेपालगञ्जमा कानूनी नेपाली भाषाको प्रशिक्षण सम्पन्न

कानूनी नेपाली भाषाका लेखन शैलीमा सुधार गरी सर्वसाधारणले बुझ्ने भाषामा अदालतका काम कारवाहीको लेखन हुनुपर्दछ । कठिन र घुमाउरा शब्द सञ्जालको प्रयोगले न्यायका उपभोक्ता, मुद्दाका पक्षहरू, सरोकार वर्गहरूलगायतमा परेको कठिनाइलाई कम गर्न अभियानकै रूपमा कानूनी नेपाली भाषाको प्रशिक्षण आवश्यक छ भन्ने सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिको निर्णय अनुसार विगत वर्षहरूदेखि नै यसखालको प्रशिक्षण कार्यक्रम सञ्चालन हुँदै आएकोमा यस वर्ष पनि त्यस्ता कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यका साथ नेपालगञ्जमा दुई दिने कानूनी नेपाली भाषाको प्रशिक्षण आयोजना गरिएको थियो ।

२०७३।१।३० गतेका दिन पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीशज्यूले पानसमा द्वीप प्रज्वलन गरी सो दुई दिने प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । वहाँले आफ्नो मन्तव्यमा कानूनी भाषाको आफ्नै महत्त्व छ । कानूनी भाषा अत्यधिक साहित्यिक पनि हुनुहुँदैन । फैसला, आदेश सहज र सरल हुनुपर्दछ । आमनागरिकले बुझिने गरी फैसला आदेश लेखिएन भने अदालत प्रतिको जनआस्था कमजोर हुन्छ । त्यसतर्फ हामीसबैको ध्यान जानुपर्छ भन्नु हुँदै प्रविधिको विकाससँगै अब सम्पूर्ण फैसलाहरू Website मा Upload हुन थालेका छन् । त्यसरी अपलोड गर्दा पनि भाषिक त्रुटि देखिएकोले यो तालिमले त्यसतर्फ ध्यान पुर्‍याउने छ भन्नुहुँदै भाषिक सरल, सङ्क्षिप्त, सहज र उचित खालको उभिव्यक्ति आजको आवश्यकता



पानसमा द्वीप प्रज्वलन गरी प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नुहुँदै पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री बमकुमार श्रेष्ठज्यू ।

हो भन्नुहुँदै कार्यक्रमको सफलताको कामनासमेत गर्नुभयो।

त्यसैगरी बाँके जिल्ला अदालतका स्रेस्तेदार श्री दण्डपाणि शर्माले आफ्नो मन्तव्य दिनुहुँदै जिल्ला तहका अदालतदेखि नै न्याय सम्पादनको प्रक्रिया सुरू हुने हुनाले हामीदेखि नै भाषाको शुद्धता र परिष्कृतताको आवश्यकता पर्दछ । आज सुरू हुन लागेको तालिमको उपादेयता पनि यसैतर्फ इङ्गित छ । यस्ता प्रशिक्षण कार्यक्रमले भाषिक चेतनाको पक्षलाई पुनर्ताजगी गर्नेछ भन्नुभयो।

सर्वोच्च अदालत, नेपाल कानून पत्रिकाका सम्पादक श्री गजेन्द्रबहादुर सिंहले भाषा प्रशिक्षण कार्यक्रमको शुभारम्भ सत्रका प्रमुख अतिथि, अतिथिहरू लगायत प्रशिक्षण कार्यक्रममा सहभागी हुन आउनु भएका सहभागीहरूलाई स्वागत मन्तव्यद्वारा स्वागत गर्दै शुद्धता र परिष्कृतता आजको आवश्यकता हो। अबको कानूनी नेपाली भाषा लेखनमा परम्परागत औपचारिकताको निर्वाह गर्नेपर्दछ भन्न हुँदैन तर त्यसो भन्दैमा कामकारवाहीको मर्म र भावनामा असर पर्ने खालको भने हुनुहुँदैन । सरलता, सङ्क्षिप्तता नै आजको आवश्यकता हो । त्यसका साथै भाषिक शुद्धता र लेखनमा एकरूपता कायम गर्ने उद्देश्यले यो प्रशिक्षण आयोजना गर्नुपरेको हो भन्नुहुँदै भाषाविज्ञबाट नै बढीमात्र प्रशिक्षण सत्र सञ्चालन हुने र व्यावहारिक कक्षा सञ्चालन हुनेछ भन्नुहुँदै यस कार्यक्रमको उद्देश्यामाथि प्रकाश पार्नुभएको थियो।

मिति २०७३।१।३१ गते प्रशिक्षण सत्र समापनको प्रमुख अतिथि सर्वोच्च अदालत प्रकाशन, सञ्चार तथा सम्पादन समितिका अध्यक्ष तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यूले आफ्नो मन्तव्य दिनुहुँदै तपाइँहरूले लेखेको कुरा कम्तीमा पनि त्यो शुद्ध हो कि होइन भन्ने थाहा पाउनु राम्रो हो भन्ने उद्देश्यले यो प्रशिक्षण / तालिम सञ्चालन गरिएको हो। व्याकरणगत एकरूपता



सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायज्यू प्रशिक्षण कार्यक्रमको समापनमा मन्तव्य दिनुहुँदै।

ल्याउन र सरल लेखन शैलीको विकास गर्ने उद्देश्यले यो तालिमको आयोजना गरिएको हो भन्नु हुँदै जे पढियो त्यो बदल्न गाह्रो छ, भाषामा आएका समसामयिक परिवर्तनका बारेमा परिचित हुन पनि त्यत्तिकै आवश्यक छ भन्नुहुँदै भाषाको अपमान गरेर न्यायमा पूर्णता हुन सक्तैन भन्नुभयो ।

त्यसैगरी समापन कार्यक्रमका अध्यक्ष, पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री बमकुमार श्रेष्ठले यो दुई दिनको कार्यक्रम अझ छोटो महसुस भयो, यसलाई अझ लामो बनाउन पाए उपयोगी हुन्थ्यो भन्नेतर्फ आयोजकको ध्यान जानेछ भन्ने कुरा सङ्केत गर्नुभयो । कानूनी सन्दर्भ र कानूनी पाटोलाई नछोडी सरल र सरस भाषाको प्रयोग अब यस तालिमका सहभागीबाट हुने अपेक्षासमेत गर्नुभयो ।

सम्पादक श्री गजेन्द्रबहादुर सिंहले यो दुई दिने प्रशिक्षण कार्यक्रम सफल पार्न सहयोग गर्नुहुने पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश तथा न्यायाधीशज्यू, बाँके जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशज्यूहरू लगायत उपरजिस्ट्रारहरू, स्रेस्तेदारलगायत सबैमा धन्यवाद ज्ञापन गर्नुहुँदै अदातलप्रति जनताको सम्मान छ, त्यसैले भाषामा पनि शुद्धताको अपेक्षा राखिन्छ भन्नुहुँदै सहभागी मत सर्वेक्षणमार्फत सहभागीहरूले दिनुभएका सुझावहरूलाई सम्बोधन गर्दै आगामी दिनमा यस तालिमलाई अरू परिष्कृत बनाइने छ भन्नुभयो ।

दुई दिनसम्म सञ्चालित उक्त कार्यक्रममा पनुरावेदन अदालत, नेपालगञ्ज र बाँके तथा बर्दिया जिल्ला अदालतमा कार्यरत इजलास अधिकृत, कम्प्युटर अपरेटरहरू तथा फैसला लेखनमा संलग्न



प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिनुहुँदै भाषाविद् श्री रामचन्द्र फुयाल र प्रशिक्षार्थीहरू ।

कर्मचारीहरू लगायतको उपस्थिति रहेको थियो । प्रशिक्षण कार्यक्रमका सहभागीहरू निम्नबमोजिम थिए :

**प्रशिक्षण कार्यक्रमका सहभागीहरू**

१. श्री शंकरप्रसाद अधिकारी, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
२. श्री वीरेन्द्रप्रकाश खड्का, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
३. श्री दामोदर रेग्मी, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
४. श्री जनकप्रसाद शर्मा, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
५. श्री ठाकुरप्रसाद पौडेल, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
६. श्री तीयानाथ उपाध्याय, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
७. श्री सुमन पाण्डे, शाखा अधिकृत, पु.वे.अ., नेपालगञ्ज
८. श्री विजयालक्ष्मी रावल कुँवर, पु.वे.अ., नेपालगञ्ज
९. श्री रमा श्रेष्ठ, पु.वे.अ., नेपालगञ्ज
१०. श्री मञ्जु श्रेष्ठ, पु.वे.अ., नेपालगञ्ज
११. श्री अमृता रिजाल, पु.वे.अ., नेपालगञ्ज
१२. श्री रामचन्द्रप्रसाद साह रौनियार, पु.वे.अ., नेपालगञ्ज
१३. श्री हेमराज तिमिल्सिना, पु.वे.अ., नेपालगञ्ज
१४. श्री रवि खड्का, पु.वे.अ., नेपालगञ्ज
१५. श्री लिलाधर घिमिरे, नायब सुब्बा, पु.वे.अ., नेपालगञ्ज
१६. श्री कमल सिंह ठकुरी, नायब सुब्बा, बाँके जिल्ला अदालत
१७. श्री देवबहादुर सुनार, नायब सुब्बा, बाँके जिल्ला अदालत
१८. श्री शिवराम आचार्य, नायब सुब्बा, बाँके जिल्ला अदालत
१९. श्री बालाराम घिमिरे, नायब सुब्बा, बर्दिया जिल्ला अदालत
२०. श्री देवेन्द्र देवकोटा, नायब सुब्बा, बर्दिया जिल्ला अदालत
२१. श्री मीनप्रसाद शर्मा, नायब सुब्बा, बर्दिया जिल्ला अदालत
२२. श्री रामप्रसाद सुवेदी, नायब सुब्बा, बर्दिया जिल्ला अदालत
२३. श्री प्रकाश खड्का, नायब सुब्बा, बर्दिया जिल्ला अदालत
२४. श्री जितेन्द्रप्रसाद गुप्ता, कम्प्युटर अपरेटर, बर्दिया जिल्ला अदालत
२५. श्री मोहन घर्तीमगर, बाँके जिल्ला अदालत
२६. श्री उज्वलदेव रावल, बाँके जिल्ला अदालत
२७. श्री दीनमणि योगी, बाँके जिल्ला अदालत
२८. श्री नरेन्द्रप्रसाद लम्सार, बाँके जिल्ला अदालत
२९. श्री सिर्जना पौडेल, बाँके जिल्ला अदालत
३०. श्री गंगा सिंह, बाँके जिल्ला अदालत
३१. श्री शुष्मा शाह, बाँके जिल्ला अदालत
३२. श्री गणेश रिजाल, बाँके जिल्ला अदालत
३३. श्री बलराम विष्ट, बाँके जिल्ला अदालत
३४. श्री विकास विक्रम सिंह, बाँके जिल्ला अदालत
३५. श्री पिताम्बर अधिकारी, बाँके जिल्ला अदालत
३६. श्री वाङलामा छुमी, बाँके जिल्ला अदालत
३७. श्री विनोद महतो, डिट्ठा, बर्दिया जिल्ला अदालत
३८. श्री आरती चपाई, डिट्ठा, बर्दिया जिल्ला अदालत
३९. श्री जयबहादुर डाँगी, डिट्ठा, बर्दिया जिल्ला अदालत
४०. श्री एकराज कोइराला, डिट्ठा, बर्दिया जिल्ला अदालत

## बाँकेमा मेलमिलापसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

२०७३ साल वैशाख ३० गते मेलमिलाप परिषद्को आयोजनामा बाँके जिल्लामा क्रियाशील समाजसेवी, मेलमिलापकर्ता, कानून व्यवसायी, नागरिक समाज, जिल्लास्तरीय मेलमिलाप अनुगमन समितिका सदस्यलगायत करिब ५० जनाको सहभागितामा मेलमिलापसम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा मेलमिलाप परिषद्का अध्यक्ष श्री बैद्यनाथ उपाध्यायज्यूको अध्यक्षतामा उक्त कार्यक्रम बाँके जिल्ला अदालत, नेपालगञ्जको सभाहलमा सम्पन्न भएको थियो।

सो अन्तरक्रिया कार्यक्रममा मेलमिलापसम्बन्धी अवधारणा विषयमा बाँके जिल्ला अदालत, नेपालगञ्जका स्रेस्तेदार श्री दण्डपाणि शर्माले कार्यक्रम प्रस्तुत गर्नुभएको थियो भने स्थानीय मेलमिलापकर्ता श्री विष्णु पोखरेलले अर्को कार्यपत्र प्रस्तुत गर्नुहुँदै मेलमिलापका समस्या र समाधानका पक्षहरूमाथि विश्लेषण गर्नुभएको थियो भने मेलमिलापसम्बन्धी सरोकारवालाहरूको भूमिका विषयको कार्यपत्र मेलमिलाप परिषद्का कार्यालय प्रमुख श्री अशोककुमार क्षेत्रीले प्रस्तुत गर्नुभएको थियो।

उल्लिखित कार्यपत्रहरूमाथि बाँकेस्थित मेलमिलापसम्बन्धी अनुगमन समितिका संयोजक माननीय जिल्ला न्यायाधीश श्री विष्णुप्रसाद कोइराला, अधिवक्ताहरू, समाजसेवीहरू लगायतका टिप्पणीकर्ताहरूले टिप्पणी गर्नुभएको थियो भने वहाँहरूको जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तुतकर्ता र सत्रको अध्यक्षता गर्नुहुने पुनरावेदन अदालत, नेपालगञ्जका माननीय मुख्य न्यायाधीश श्री बमकुमार श्रेष्ठ तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा मेलमिलाप परिषद्का अध्यक्ष श्री बैद्यनाथ उपाध्यायज्यूले दिनुभई कार्यक्रमको समापन भएको थियो।



सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय मेलमिलापसम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरूका साथ